# 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन

निर्मला कुमारी राना

परीक्षा क्रमाङ्क : २३३००२०

त्रि.वि.दर्ता नं :९-२-२३३-१०६-२००७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा

शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो

वर्षको नेपा.शि.५९८ पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

२०७२/२०१६

नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, सिन्धुली बहुमुखी क्याम्पस, स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा निर्मला कुमारी रानाले **सिन्धुली सौगात राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिश गर्दछु ।

मिति : सन् २०१६, २४ नोवेम्बर ।

अर्जुनप्रसाद पौडेल

शोधनिर्देशक

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशका लागि सिन्धुली बहुमुखी क्याम्पसकी छात्रा निर्मला कुमारी रानाद्वारा **सिन्धुली सौगात राष्ट्रिय पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन** शीर्षकको शोधपत्र नेपाली भाषा शिक्षा विभागका लागि उपयुक्त देखिएकोले स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| १. उपप्राध्यापक अर्जुनप्रसाद पौडेल (विभागीय प्रमुख/शोधनिर्देशक ) | |
| २. प्रा.डा. राजेन्द्रप्रसाद पौडेल (बाह्य परीक्षक) | |
| ३. उपप्राध्यापक भानुभक्त गुरुङ | |
| ४. उपप्राध्यापक कृष्णप्रसाद निरौला | |

अन्तिम मूल्याङ्कन मिति : सन् २०१६, ४ जनवरी ।

# कृतज्ञताज्ञापन

प्रस्तुत **सिन्धुली सौगात राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन** नामक शोधपत्र सम्पादकीयको भौतिक ( शीर्षक, विषयवस्तु, संरचना, शैली ) र आन्तरिक पक्ष ( शब्दभण्डार, काल, वाक्य र स्थानीय भाषिका ) को अध्ययन गर्नु रहेको छ । सीमित, सङ्क्षिप्त र सानो भए पनि आफ्नो लामो प्रयास र कठोर मिहिनेतका साथ सत्य तथ्यमा आधारित भएर तयार पारिएको यस शोधपत्र आफैमा पूर्ण रहेको विश्वास
लिएकी छु ।

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा विभिन्न विद्वानवर्ग, सहपाठी मित्र तथा अग्रज महानुभावहरुबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सल्लाह, सुझाव, सहयोग, हौसला तथा प्रेरणा प्राप्त भएकोले सबैप्रति कृतज्ञ छु । यसै क्रममा नवीन शीर्षक र चुनौतिपूर्ण कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न रचनात्मक सहयोग गर्दै शद्ध मन, वचन र कर्मले सरससल्लाह एवम् कुशल निर्देशन दिई समय खर्चिनु हुने शोध निर्देशक एवम् नेपाली भाषा विभाग प्रमुख उपप्रा. अर्जुनप्रसाद पौडेलप्रति सर्वप्रथम हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यस्तै यस शोध कार्यको सिलसिलामा आवश्यक सहयोग प्रदान गर्नुहुने आदरणीय गुरुहरू भानुभक्त गुरुङ र कृष्णप्रसाद निरौला ज्यूप्रति पनि कृतज्ञता प्रकट गर्दछु ।

विविध व्यावहारिक र आर्थिक समस्याहरूसँग मुकाविला गर्दै मेरो अध्ययनलाई यहाँसम्म ल्याउन सहयोग गर्नु हुने मेरा बुवा, मुवा, दिदी विमला राना, दाजु दिपक रानालगायत् सम्पूर्ण परिवार जनप्रति स-गौरव हार्दिक आभार प्रकट गर्दछु । यसरी नै मेरो १७ वर्षको अनवरत शैक्षिक यात्राका अन्तिम चरणमा प्रवेश गरी यात्रालाई पूर्ण गर्न विभिन्न कोणबाट सहयोग गर्दै हौसला प्रदान गर्नुहुने मेरा जीवन साथी अनिस मगरप्रति विशेष आभार प्रकट गर्न चाहन्छु । साथसाथै विभिन्न सामग्री उपलब्ध गराउने दाजु कृष्णप्रसाद अधिकारी तथा सिन्धुली सौगात, यस शोधपत्र लेखन तथा टङ्कन गरी पूर्ण स्वरुप दिन सहयोग पुऱ्याउने आयुशा बुक्स एण्ड स्टेशनरीलाई हृदयदेखि धन्यवाद दिँदै अन्त्यमा आवश्यक मूल्याङ्कनका लागि यो शोधपत्र मूल्याङ्कन समिति समक्ष पेश गर्दछु ।

मिति :

शोधार्थी

निर्मला राना

# शोधसार

**शोधशीर्षक :** 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन

**शोध निर्देशक** : अर्जुनप्रसाद पौडेल

**शोधार्थी :** निर्मला राना

**शैक्षिक वर्ष :** २०६८/२०७०

**क्याम्पस/विभाग** : सिन्धुली बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग

**जम्मा अध्याय :** पाँच

**पृष्ठसङ्ख्या : १०+४१+७**

**शोधप्रक्रिया**

प्रस्तुत शोधपत्र स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ को पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । यस शोध कार्यका लागि स्रोतका रुपमा लिइएको 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मिति २०७१/११/२८ देखि मिति २०७१/१२/१० गतेसम्मका सम्पादकीयहरूलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । प्रस्तुत पत्रिकाको उल्लेखित मितिका सम्पादकीयलाई  आधार बनाउँदै यसका भौतिक र आन्तरिक पक्ष के-कस्तो रहेको छ ? लाई समस्याका रूपमा ग्रहण गरी शीर्षक, विषयवस्तु, संरचना, शब्दभण्डार, काल र वाक्य जस्ता विविध कोणबाट अध्ययन गर्नु यसको उद्देश्य रहेका छन् ।

पाँच अध्यायमा विभाजित यस शोधलाई शोध परिचय, पूर्वकार्यको समीक्षा, अध्ययन विधि, व्याख्या तथा विश्लेषण र निष्कर्षका रुपमा पूर्णता दिइएको छ । यस अध्ययनमा सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय अध्ययन विधिलाई आत्मसात गरी वर्णनात्मक तथा विश्लेषणात्मक विधि पनि अंगाल्दै शोधकार्यको व्याख्या तथा विश्लेषण गरिएको छ भने प्राथमिक स्रोतका रूपमा सम्बन्धित पत्रिकाका उल्लेखित अङ्कहरु र द्वितीयक स्रोतका रुपमा सन्दर्भित अन्य शोधपत्र, लेख रचना, पत्रपत्रिका तथा विभिन्न शब्दकोशलाई लिइएको छ ।

## शोध निष्कर्ष

शीर्षक तिनदेखि पाँच शब्दका वाक्यहरुबाट बनेका, अनुच्छेद एकदेखि चारसम्म रहेका र विषयवस्तुमा सामाजिक, राजनैतिक, शैक्षिक, यातायात र जनजीविकासँग सम्वन्धित स्वास्थ्यआदि रहेका छन् । यसमा वर्णनात्मक, अनुरोधात्मक, तुलनात्मक शैलीको प्रयोग पाइन्छ । प्रायः अभूतकालको प्रयोग पाइने भाषामा तत्सम शब्दको प्रयोग सरल वाक्यमा गरिएको पाइए पनि केही सैद्धान्तिक त्रुटिहरू भने अवश्य नै रहेका छन् ।

# विषयसूची

## अध्याय एक

## शोधपरिचय


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १-३ |
| १.२ समस्याकथन | ३-४ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको औचित्य र महत्व | ४-५ |
| १.५ अध्ययनको सीमाङ्कन | ५-६ |
| १.६ अध्ययनको रूपरेखा | ६ |


## अध्याय दुई

## साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा


| | |
|---|---|
| २.१ सम्बन्धित पूर्वकार्यको समीक्षा | ७-९ |
| २.२ पूर्वाध्ययनको उपादेयता | ९ |
| २.३ सैद्धान्तिक प्रारुप | ९-२० |


## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया


| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा | २१ |
| ३.२ नमुना अध्ययनको क्षेत्र | २१ |
| ३.३ नमुना छनोट प्रक्रिया | २१ |
| ३.४ तथ्याङ्क/सूचना सङ्कलनका उपकरणहरू वा सामग्री निर्माण | २२ |
| ३.५ सामग्री निर्माणका स्रोत | २२ |
| ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया | २२ |

## अध्याय चार

## व्याख्या तथा विश्लेषण


४.१ सम्पादकीयको बाह्य पक्षको अध्ययन २३

४.१.१ सम्पादकीयको शीर्षक २३-२४

४.१.२ सम्पादकीयको विषयवस्तु २४-२५

४.१.३ सम्पादकीयको संरचना २५-२६

४.१ सम्पादकीयको शैली २६-२७

४.२ सम्पादकीयको आन्तरिक पक्षको अध्ययन २७-२८

४.२.१ काल २८-३१

४.२.२ शब्दभण्डार ३१-३४

४.२.३ वाक्य ३४-३७


## अध्याय पाँच

## निष्कर्ष, सुझाव र उपयोगिता


५.१ निष्कर्ष ३८-३९

५.२ सुझावहरु ४०

५.३ उपयोगिता ४०

५.३.१ नीतिगत तह ४०-४१

५.३.२ प्रयोगगत तह ४१

५.४ भावी अनुसन्धानका सम्भावित शीर्षकहरू ४१

सन्दर्भसामग्रीसूची

# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा सञ्चारको सशक्त माध्यम हो । कुनै पनि व्यक्तिले आफ्नो धारणा, विचार, भावना तथा सूचनाहरू बोली, लिपि वा अन्य कुनै माध्यमबाट व्यवस्थित रुपले अर्को व्यक्ति वा समुदायसम्म पुऱ्याउने प्रक्रिया नै सञ्चार हो । मानव सभ्यताको विकासमा भाषाले महत्वपूर्ण योगदान पुऱ्याएको छ । मानव जातिले लिपिको विकास गरेको धेरै समयपछि मुद्रण युगको सुरुवात भएको देखिन्छ । मुद्रण पद्धतिको विकास पत्रकारिताको विकासका लागि पूर्वशर्तका रुपमा रहेको पाइन्छ । लेखन र मुद्रणको इतिहासको साथसाथै पत्रकारिताको विकासको परिकल्पनासम्म गर्न सकिदैन । मानव विकास क्रममा मानिसले लेखपढ गर्न प्रारम्भ गरेपछि पत्रकारितातर्फ अग्रसर भएका थिए । मुद्रण प्रविधिको र कागजको विकास नहुँदा सम्म मानिसले गुफामा, भित्तामा र हातैले कोरेर आफ्ना भावनाहरूलाई प्रकाशन गर्नुको विकल्प थिएन र यसैमा चित्त बुझाउन बाध्य थिए ।

प्रेस र छापाखाना जस्ता प्रविधिको विकास भएपछि मात्र ऐतिहासिक कालखण्डमा पत्रकारिताको पनि विकास भएको हो । छापाखानाको विकासका लागि कच्चापदार्थका रूपमा रहेको कागजको उत्पादन अनिवार्य हुन गयो । प्रेस, छापाखाना र कागजको विकास हुनु अघि मौलिक सूचनालाई नै आधार मानिन्थ्यो । यस बाहेक मानव विकासको आदिम युगमा पंक्षीलाई सन्देश वाहकका रुपमा लिइएको समेत पाइन्छ । जसको उदाहरणका रुपमा मोतीराम भट्टको 'पीकदूत' मा लेखिएको विचारहरुबाट प्रष्ट हुन्छ । पौराणिक कालमा सञ्चारवाहकका रुपमा नारदजीलाई लिइन्छ । पत्रकारिताको पूर्वाभ्यासकै सन्दर्भलाई नियाल्ने हो भने सार्वजनिक महत्वका सूचनाहरु सर्वसाधारणलाई जानकारी दिन कटुवाल सुनाउने, दमाहा ठटाउने र कर्नाल फुकाउने प्रचलन पनि रहेको पाइन्छ । समयानुकूल परिवर्तन र विकाससँगै आजको वैज्ञानिक युगमा विश्व परिवेश दिनप्रतिदिन अग्रगतिमा लम्किरहेको छ । जसबाट आजको पत्रकारिताको विकासक्रम पनि निर्देशित छ । कागजका उद्योग, छापाखाना र अन्य छपाइको अत्याधुनिक उपकरणका सङ्ग्रहबाट आजको पत्रकारिता लम्किरहेको छ ।

नेपालमा वि.सं.१९१० तिर जङ्गबहादुर राणा बेलायत भ्रमण गरी फर्किंदा एउटा हाते प्रेस नेपालमा ल्याएका थिए । त्यो नै नेपाली छापाखानाको विकासको कडी हो । त्यस प्रेसलाई गिद्धेप्रेस नामले समेत चिनिन्छ । त्यसपछि काठमाडौंमा वि.सं.१९१०-१३ का बीचमा नारायणहिटी छापाखानाको स्थापना भएको पाइन्छ ।

नेपाली पत्रकारिताको विकास त्यति लामो छैन । वि.सं. १९४३ मा मोतीराम भट्टको सम्पादन र सक्रियतामा बनारसबाट प्रकाशित 'गोरखा-भारत जीवन' मासिक पत्रिकाबाट नेपाली पत्रकारिताको विकास भएको पाइन्छ । नेपाली भाषाको दोस्रो र नेपालबाट निस्केको पहिलो पत्रिका 'सुधासागर' वि.सं.१९५५ श्रावणमा मोतिराम भट्टकै प्रेरणाले प्रकाशित भएको पाइन्छ । यसपछि वि.सं. १९५८ मा सत्तामा आएका देवशमशेरले नेपालमा गोरखापत्रको प्रकाशन आरम्भ गरे । यो पत्रिका सरकारी मुखपत्र मानिए पनि अनेकौं घुम्ती पार गर्दै, विविध अनुभव बटुल्दै आएको छ । वि.सं.२००७ सालमा १०४ वर्षे राणाशासनको पतन भई प्रजातन्त्रको उदय भयो । २०१७ साल देखि नै नयाँ पत्रिकाहरु प्रकाशन हुन थाले र कतिपय पुराना पत्रिकाहरु माथि प्रतिबन्ध लगाइयो । तसर्थ पञ्चायती व्यवस्थालाई स्वतन्त्र पत्रकारिताका दृष्टिले कठिन कालरात्रीका रुपमा लिइन्छ ।

२०४६ सालमा भएको जनआन्दोलनले बहुदलीय व्यवस्थाको प्रादुर्भाव भयो । २०५२ सालमा माओवादी आन्दोलन प्रारम्भ भयो । २०६१ साल देखि माओवादी आन्दोलन चरमोत्कर्षमा पुगेपछि देशमा एक किसिमको सन्नाटा छायो । एफ.एम.को समाचार प्रसारणमा रोक लगाइयो भने पत्रपत्रिकामा समेत कडाइ गरियो । हाल नेपालमा गणतान्त्रिक शासन व्यवस्था रहेको छ । लोकतन्त्रको स्थापना सँगै स्वतन्त्र र निर्भिक पत्रकारिताका आवाजहरु उठिरहेका छन् । अहिले निजी सञ्चार गृह र छापाखाना माध्यमले सरकारी सञ्चार माध्यमलाई ओझेलमा पारिसकेको छ ।

प्रजातन्त्रको स्थापना पश्चात् प्रेस स्वतन्त्रता केही खुकुलो भएपछि नेपालको प्रत्येक जिल्ला-जिल्लाबाट विभिन्न पत्रिकाहरु प्रकाशन भएको पाइन्छ । त्यस्तै सिन्धुली जिल्लाबाट पनि प्रभात समाचार, जनबोली सन्देश, सफल नेपाल, जनप्रभात जस्ता साप्ताहिक तथा दैनिक पत्रिका प्रकाशित हुन्छन् भने 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिका विभिन्न आरोह-अवरोह पारगर्दै विगत चार वर्षदेखि निरन्तर प्रकाशित हुँदै आएको छ ।

स्वतन्त्र पत्रकारिता, राष्ट्रियता र स्वाभिमानलाई पहिलो प्राथमिकता दिदै लोकतान्त्रिक व्यवस्थाको संरक्षण र सम्बर्द्धन गर्दै आम सञ्चारमा सबैको पहुँच बढाई जनतालाई सचेत गराउनुका साथै राज्यका निकायहरुलाई झक्झक्याउँदै, खबरदारी गर्दै सिन्धुली जिल्लामा भए गरेका हरेक गतिविधि नियाल्दै, राष्ट्रको उन्नतिका लागि विशेष पहल र प्राथमिकता दिने मूल उद्देश्य बोकेको सिन्धुली जिल्लाको राष्ट्रिय दैनिक पत्रिका 'सिन्धुली सौगात' मा वर्ष, अंक, महिना, गते, बार, साल, पृष्ठ र मूल्य राखिनुका साथै देशमा घटेका मुख्य घटना, सिन्धुली जिल्लाकै ताजा खबर, आर्थिक समाचार, विभिन्न उपचारमूलक विज्ञापन, मनोरञ्जन समाचार, विशेष सूचना, अन्तर्राष्ट्रिय समाचार, बधाइ तथा समवेदना, खेल समाचार, रोचकप्रसङ्ग जस्ता विविध शीर्षकमा पत्रिकाले पूर्णता पाएको देखिन्छ

यसरी समग्र रुपमा यस प्रस्तावको पृष्ठभूमिको रुपमा प्रेसको स्थापना, जङ्गबहादुरले नेपाल भित्र्याएको गिद्धे प्रेस, गोरखापत्रको स्थापना, प्रजातन्त्रको स्थापना, पञ्चायती शासन व्यवस्था, २०४६ सालको जनआन्दोलन र गणतन्त्रको स्थापनाका साथै यिनीहरुको भूमिका, सिन्धुली जिल्लामा प्रकाशित पत्रिकाका साथै 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको पूर्णतालाई समेत उल्लेख गरिएको छ । प्रस्तुत शोध अध्ययनको उद्देश्य स्नातकोत्तर तहको उपाधि प्राप्त गर्नु रहेपनि यसले भविष्यका अन्य खोज अनुसन्धानलाई आंशिक रुपमै भएपनि सहयोग पुऱ्याउने विश्वास लिइएको छ ।

## १.२ समस्याकथन

शोध शीर्षकभित्र रहेका प्रश्न वा समस्या र त्यसको वर्णनलाई नै समस्याकथन भनिन्छ । चयन गरिएको शोध शीर्षकअन्तर्गत मुख्य-मुख्य समस्या वा प्रश्नहरु र तिनका सम्भावित समाधान वा उत्तरहरु नै समस्या कथन हो (शर्मा र लुइँटेल,२०५२:२५) । समस्याकथनबाट शोध अध्ययन अगाडि बढ्दछ । सञ्चार क्षेत्र ज्ञानको हिसाबले अत्यन्तै महत्वपूर्ण क्षेत्र हो । सञ्चारको तीव्र विकासले विश्व साँघुरिदै गइरहेको वर्तमान् परिप्रेक्ष्यमा पत्रिकाको महŒवलाई पनि नकार्न सकिँदैन । नेपाल एक बहुभाषिक र बहुसांस्कृतिक मुलुक भएकाले यहाँ विभिन्न भाषा भाषिकाहरू पाइन्छन् । चाहे त्यो दैनिक पत्रिका होस् वा साप्ताहिक र मासिक पत्रिका नै किन नहोस् सम्पादकीय पत्रिकाको मूल स्तम्भ हो । यो पत्रिकाको आफ्नो मत राख्ने प्रभावकारी स्तम्भ हो । सम्पादकीयलाई पत्रिकाको मूल सिद्धान्त पनि भनिन्छ । सम्पादकीय लेख्दा सबै स्तर र तहका पाठकहरुलाई विचार गरेर सरल, स्पष्ट, वस्तुनिष्ठ, समसामयिक, सन्देशपरक, निष्पक्ष हुनु आवश्यक देखिन्छ । यसै सन्दर्भमा 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको शीर्षक, संरचना, विषयवस्तु, शैली, वाक्यआदिका आधारमा अध्ययन गरिएको छ ।

अनुसन्धानको निम्ति छनोट गरिएको कुनैपनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याको रुपमा प्रस्तुत गरिएकोछ । तसर्थ यो शोध अध्ययन 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको निम्न समस्यामा केन्द्रित रहेर अध्ययन गरिएको छ :

क) 'सिन्धुली सौगात' पत्रिकाको सम्पादकीयको बाह्य पक्ष (शीर्षक, संरचना, विषयवस्तु र शैली) के-कस्तो रहेको छ ?

ख) सम्पादकीयको आन्तरिक पक्ष (शब्दभण्डार ,वाक्य, काल र स्थानीय भाषिका) के-कस्तो रहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरु निम्न रहेका छन् :

क) सम्पादकीयको बाह्य पक्ष (शीर्षक, संरचना, विषयवस्तु र शैली) अध्ययन गर्नु,

ख) सम्पादकीयको आन्तरिक पक्ष (शब्दभण्डार, वाक्य, काल र स्थानीय भाषिका) को अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य / महŒव

सञ्चारको क्षेत्रमा देखिने भाषामा अन्य क्षेत्रमा प्रयोग हुने भाषा भन्दा भिन्न विशेषताहरू भेट्न सकिन्छ । समचारपत्रमा प्रयोग हुने भाषाको स्वरूप पनि आफ्नै किसिमको हुन्छ । यो अध्ययनले आमसञ्चार र पत्रकारिता जगत्को पाठ्यक्रम तर्जुमा गर्न तथा त्यस सम्बन्धी महत्वपूर्ण सूचना प्रदान गर्न सहयोग गर्ने विश्वास लिइएको छ । समाचारमूलक पत्रिकामा पनि विभिन्न स्तम्भ वा भागहरु हुन्छन् । विभिन्न स्तम्भहरुमा प्रयोग हुने भाषा एउटै हुँदैनन् । विज्ञापन, समाचार, सूचनामूलक, सन्देशमूलक समाचार आदिमा प्रयोग गरिने भाषा विभिन्न किसिमको हुन्छ । प्रस्तुत शोध प्रस्तावमा 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयको भाषालाई बाह्य पक्ष र आन्तरिक पक्षको कोणबाट अध्ययन गरिएको छ ।

यस अध्ययनले पत्रकारितासँग सम्बन्धित अध्ययन अनुसन्धानको भाषालाई बढी महत्व दिनेछ । पत्रिकाको सम्पादकीय स्तम्भ आफैंमा महत्वपूर्ण भाग हो । सम्पादकीयले नै पत्रिकाको गुणस्तरको पहिचान गर्ने भएकाले पत्रिकामा सम्पादकीय अंकको विशेष महत्व रहेको पाइन्छ । प्रस्तुत अध्ययनबाट सम्पादकीयसँग सम्बन्धित विद्यार्थी, शोधार्थी, आम पाठकवर्ग, पत्रपत्रिका वा समाचारपत्रसँग सम्बन्धित व्यक्तिहरू, सिन्धुलीका अन्य पत्रिकाको सम्पादक, दैनिक पत्रिकाको भाषाको अध्ययन गर्न चाहने जो कोहि शोधकर्ता, नयाँ शोधार्थी समेतलाई सहयोग पुऱ्याउने यस अध्ययन कार्यको आफ्नै प्रकारको औचित्य र महत्त्व रहेको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

कुनैपनि शोध सधैंका लागि एकल रुपमा पूर्ण हुदैन । यो त निरन्तर चलिरहने प्रक्रिया हो । यसैले शोधको क्षेत्र पनि व्यापक र विशाल देखिन्छ । अध्ययनको सीमाङ्कनमा गर्ने र गर्न सकिने कार्यहरू यी-यी हुन् भनेर तोकिएको छ । जसबाट अध्ययन कार्य सन्धेय र दुविधाबाट मुक्त भएको विश्वास गरिएको छ ।

यिनै कुरालाई विचार गर्दै 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको शीर्षकको शोधपत्रमा निम्नलिखित सीमा र परिधिमा रही अध्ययन कार्यलाई अगाडि बढाइएको छ :

क) प्रस्तुत अध्ययन 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयोग गरिएको नेपाली भाषाको अध्ययनसँग मात्र सम्बन्धित रहेको छ ,

ख) प्रस्तुत अध्ययन नमुनामा परेका सम्पादकीयहरुको विषयवस्तु, शीर्षक, शैली, संरचना, शब्दभण्डार,वाक्य र स्थानीय भाषिकाको अध्ययनमा मात्र सीाित रहेको छ,

ग) उक्त पत्रिकाको सम्पादकीयमा प्रयोग भएका शब्दभण्डारको स्रोतका आधारमा (तत्सम, तद्भव र आगन्तुक ) र स्थानीय भाषिकाको समेत अध्ययनमा मात्र यो अध्ययन सीमित रहेको छ,

घ) यस अध्ययनमा 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको वि.सं.२०७१ फाल्गुन २८ देखि चैत्र १० गतेसम्मका सम्पादकीयको मात्र अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययनको रुपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

सन्दर्भसामग्रीसूची

परिशिष्ट

# अध्याय दुई

# साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

विगतका अनुभवहरुले नै वर्तमानमा अगाडि बढ्न प्रेरणा दिने हुँदा जुनसुकै कार्य गर्नको लागि पूर्वकार्यको अध्ययन आवश्यक पर्दछ । पूर्वकार्यको अध्ययन बिना वर्तमान कार्य साँघुरो हुने सम्भावना देखिन्छ । त्यसैले पूर्वकार्यको समीक्षा गर्दै अनुसन्धानलाई अगाडि बढाउनु पर्दछ । नेपाली अखबारहरू, पत्रपत्रिकाको विज्ञापन, काटुन, खेल समाचार, निमन्त्रणा पत्र, सम्पादकीय जस्ता विभिन्न स्तम्भहरूमा प्रयुक्त भाषाका बारेमा केहि अध्ययन भएको पाइन्छ । अन्य विभिन्न शीर्षकमा सिन्धुली जिल्लामा पनि अनुसन्धान हुदै आएको भए पनि सिन्धुलीबाट प्रकाशन हुने कुनैपनि पत्रिकाको 'सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा भने हालसम्म कुनै अध्ययन भएको पाइँदैन । समाचारपत्रमा भाषाको प्रयोगसम्बन्धी गरिएको केही शोधपत्रको सङ्क्षिप्त चर्चा गरिएको छ ।

खनाल, (२०६८) द्वारा 'आम सञ्चार र पत्रकारिता' पुस्तकमा सम्पादकीयको छोटो चिनारी दिँदै सम्पादकीयको काम, संरचना र सम्पादकीय लेख्दा ध्यान दिनुपर्ने कुराहरू विसङ्गति एवम् अनियमितता हटाउन सहयोग गर्ने पाठकलाई शिक्षित गराउने, कर्तव्य बोध गराउने सल्लाह, सुझाव दिने, पत्रिकाको गुणस्तर मापन गर्ने जस्ता कार्य सम्पादकीयले गर्ने कुरा बताएका छन् ।

ढुङ्गाना, (२०६६) द्वारा 'नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा अध्ययन गरिएको पाइयो । उनले शोधपत्रमा 'गोरखापत्र', 'कान्तिपुर' र 'अन्नपूर्ण पोष्ट' दैनिकका १० अङ्कलाई नमुनाका रुपमा लिइएको पाइयो ।

तिमिल्सिना, (२०६६) द्वारा 'गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहको शोधपत्रका लागि तयार पारिएको यस अध्ययनमा सम्पादकीयको संरचना, विषयवस्तु, शैली, शीर्षक तथा सम्पादकीयमा प्रयुक्त भाषा, वाक्यका प्रकार, वाक्यकोटी र शब्दभण्डारको अध्ययन गरिएको छ । उक्त शोधपत्रमा जटिल वाक्य संरचना, अभूतका सामान्य पक्ष र कर्तृवाच्यका वाक्यहरू बढी प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

न्यौपाने (२०६७) द्वारा 'ब्लाष्ट टाइम्स' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा अध्ययन गरिएको पाइयो । उक्त अध्ययनमा सम्पादकीयको संरचना, विषयवस्तु, शैली र शीर्षकको अध्ययन गर्नु, प्रयुक्त वाक्यहरूको अध्ययन गर्न, पदसङ्गतिको अध्ययन गर्नु, उखान टुक्का प्रयोगको स्थिति पत्ता लगाउनु जस्ता उद्देश्य रहेका छन् ।

पाण्डे (२०७०) द्वारा 'कान्तिपुर' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषिक पक्षको अध्ययन' शीर्षकको शोधकार्य गरिएको पाइयो । प्रस्तुत शोधकार्यका लागि कान्तिपुर पत्रिकामा वि.सं.२०६९ बैशााख देखि चैत सम्मको प्रत्येक महिनाको १८ गते प्रकाशित जम्मा १२ वटा सम्पादकीयलाई नमुना छनोट गरी अध्ययन गरिएको छ । सम्पादकीयमा प्रयुक्त भाषाको शब्दभण्डार, भाषाको वर्णविन्यास अध्ययन गर्ने यस शोधकार्यको मुख्य उद्देश्य हुन् । उक्त शोधपत्रमा स्रोतका आधारमा तत्सम र आगन्तुक स्रोतका शब्द प्रयोगको स्थिति र वर्णविन्यासको अध्ययन गरी निष्कर्ष निकालिएको छ । समग्र अध्ययनबाट प्रयुक्त शोधपत्रमा आगन्तुक शब्दको तुलनामा तत्सम शब्दको अत्याधिक बढी प्रयोग गरिएको सुझाव प्रस्तुत गरिएको छ ।

पोखेल (२०७१) ले 'पूर्वाञ्चल' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधकार्य गर्नु भएको छ । उक्त शोधकार्यको उद्देश्य सम्पादकीयको भौतिक र आन्तरिक पक्षको अध्ययन गर्नु रहेको देखिन्छ । उनले नमुनाका रुपमा 'पूर्वाञ्चल' राष्ट्रिय दैनिक पत्रिकाको २०७० भदौ २ गते देखि २०७१ भदौ २ गतेसम्मका प्रत्येक महिनाको २ गतेका १२ वटा अङ्कको सम्पादकीयलाई लिइएको देखिन्छ ।

बराल, (२०६४) द्वारा 'नेपाली' दैनिक समाचारपत्रमा प्रयुक्त भाषाको वर्णविन्यासको अध्ययन' नामक शीर्षकमा भाषा शिक्षा केन्द्रिय विभागअन्तर्गत रही शोधपत्र तयार पारिएको देखिन्छ । नेपाली भाषा शिक्षा विभागअन्तर्गत रही सञ्चार माध्यममा प्रयुक्त भाषाको अध्ययन गरिएको सम्भवतः यही नै पहिलो हुनसक्छ ।

भट्ट (२०७०) द्वारा 'हिमालय टाइम्स' राष्ट्रिय दैनिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन' गरिएको छ । यसमा समाचारहरू ३-८ अनुच्छेदमा संरचित छन् भने जटिल वाक्य बढी र सरल वाक्यको कम प्रयोग, अभूतकाल वाक्यको बढी प्रयोग र भूतकाल वाक्यको कम प्रयोगको स्थिति, अन्त्य भागमा समाचारकै प्रमुख कुरालाई प्रष्ट पार्न खोजिएको निष्कर्ष निकालिएको छ ।

लामिछाने, भूषाल र शर्मा (२०५९) द्वारा 'पत्रिकाको रुपरेखा' पुस्तकमा सम्पादकीय लेख न, सम्पादकीय लेखनका लागि आवश्य कुराहरु प्रस्तुत गरेका छन् । उक्त पुस्तकमा सम्पादकीय

समसामयिक, जल्दोबल्दो कुनै विषयमा जनताको ध्यान आकृष्ट पार्नेगरी सम्बन्धित पत्रिकाको धारणा वा दृष्टिकोणलाई व्यक्त गर्ने कुरा उल्लेख गरिएको छ ।

शर्मा (२०६७) द्वारा 'नागरिक' दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइयो । काठमाडौंबाट प्रकाशित हुने 'नागरिक' दैनिक पत्रिकाको वि.सं.२०६६ साल पुस १५ देखि २०६७ साल मंसिर १५ सम्मका प्रत्येक महिनाका १५ गतेको सम्पादकीयलाई नमुना छनोट गरी अध्ययन गरिएको छ । सम्पादकीयको भौतिक, भाषिक पक्षको अध्ययन गर्नु शोध कार्यको उद्देश्य रहेको छ ।

## २.२ पूर्वाध्ययनको उपादेयता

प्रस्तुत शोधकार्यमा सिन्धुली जिल्लामा नियमित रुपमा प्रकाशित हुँदै आइरहेको 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषालाई अध्ययनको विषय बनाइएको छ । यस जिल्लामा पत्रिका तथा सञ्चारको क्षेत्रमा हालसम्म कुनैपनि अध्ययन नभएकोले आगामी दिनमा अध्ययन र अनुसन्धान गर्न चाहनेहरुलाई केही हदसम्म भएपनि सहयोग पुग्ने विश्वास लिइएको छ ।

## २.३ सैद्धान्तिक प्रारुप

यस शोधकार्यमा पत्रिकाको सम्पादकीयमा प्रयुक्त हुने भाषा, शैली, परिचय, संरचना, अर्थ, काम, सम्पादकीय लेख्दा ध्यानदिनुपर्ने कुराहरू, सम्पादकीयमा राख्न नमिल्ने कुराहरू, सम्पादकीयको शीर्षक, विषयवस्तु, शब्दभण्डार, वाक्य, स्थानीय भाषिकाआदिका सैद्धान्तिक आधारका लागि लक्ष्मीधर गुरागाईको 'हाम्रो पत्रकारिता'(२०६९), श्रीराम खनालको 'आमसञ्चार र पत्रकारिता'( २०६८), नेपाल प्रेस इन्स्टिच्युटको 'नेपाली पत्रकारितामा भाषा' (२०५७) लगायत पत्रिका सम्बन्धी गरिएका विभिन्न व्यक्तिहरुको अप्रकाशित शोधपत्रहरुलाई लिइएको छ ।

## २.४ सैद्धान्तिक अवधारणा

यस शीर्षकअन्तर्गत पत्रकारिताको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्ने काम भएको छ । जसअन्तर्गत पत्रकारितको इतिहास, सञ्चारको परिचय, नेपालमा पत्रकारिता थालनीको सामान्य इतिहासको जानकारी, सम्पादकीयको इतिहास, परिचय, अर्थ, प्रकार र विशेषताका वारेमा सामान्य जानकारी दिने प्रयास गरिएको छ । सम्पादकीयको भाषिक अध्ययनमा सैद्धान्तिक अवधारणाको प्रस्तुतिले अध्ययनलाई उद्देश्यमूलक र समस्या समाधानमुखी बनाउने विश्वास रहेको छ ।

### २.४.१ सञ्चार

साधारण अर्थमा एक व्यक्तिबाट अर्को व्यक्तिसम्म सङ्ेत, बोली, लिपि वा अन्य कुनै प्रकारको विचार, धारणा एवम् जानकारी पुऱ्याउने कामलाई सञ्चार भनिन्छ । सञ्चर मानव-मानव, मानव-मेसिन र मेसिनविच हुन सक्छ । वास्तवमा सञ्चार बृहत् अवधारणा हो भने त्यसभित्रको एउटा पाटो मानव सञ्चार हो । सञ्चार भनेको दुई वा दुई भन्दा बढी व्यक्तिहरुबिच विचार, सूचना वा सन्देशको आदान प्रदान गर्ने प्रक्रिया हो ।

सञ्चार अङ्ग्रेजी शब्द कम्युनिकेशनको नेपाली रुपान्तरण हो । यो ल्याटिन भाषाको कम्यूनसबाट बनेको हो । जसको अर्थ हुन्छ समना, साझा वा बाँड्नु । यसरी सञ्चार भन्नाले एक अर्काबिच सूचना, विचार, धारणा, जानकारी बाँड्ने , साटासाट गर्ने वा विनिमय गर्ने प्रक्रिया हो । जसबाट समझदारी कायम हुन्छ । सञ्चार प्रक्रियामा दुई पक्ष सहभागी हुन्छन् । एउटा सूचना दिने पक्ष र अर्को सूचना लिने पक्ष । यी दुई पक्षबिच जति बढी अन्तरक्रिया हुन्छ, त्यति नै सञ्चार सहज, अर्थपूर्ण र प्रभावकारी हुन्छ । भनेका कुरा ग्रहण गर्नु नै प्रभावकारी सञ्चार प्रक्रिया हो ( खनाल,२०६८:०१) । सञ्चारको उद्देश्य पनि सम्प्रेषित गर्नु र आपसी समझदारी कायम गर्नु हो । त्यसैले सञ्चार सूचनाका माध्यमद्वारा गरिने सामाजिक अन्तरक्रिया हो ।

सञ्चार दोहोरो प्रक्रिया हो । यो निरन्तर चलिरहन्छ । सञ्चार लिखित, मौखिक, श्रव्य-दृश्य, साङ्केतिक आदि विभिन्न किसिमका हुन्छन् । सञ्चारका साधन भन्नाले लक्ष्यित वर्गमा सन्देश पुऱ्याउन प्रयोग गरिने माध्यम बुझिन्छ । जस्तैः पत्रपत्रिका, कम्प्युटर, चलचित्र, रेडियो टेलिभिजन, पोष्टर, पम्प्लेट ,अनलाइन, म्यागजिनआदि । यी साधनका सहायताले एक अर्काका भाव र विचार बुझ्न सकिन्छ ।

यसरी समग्रमा सञ्चार भन्नाले सूचनाको हस्तान्तरण गर्ने प्रक्रिया हो । एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म सङ्केत, बाली , लिपि, दृश्य, चिन्ह, इशारा वा अन्य कुनै माध्यमबाट विचार, धारणा एवम् जाकारी पुऱ्याउने प्रक्रिया हो । एक व्यक्तिबाट अर्को व्यक्तिलाई सन्देश सम्प्रेषण गर्ने प्रक्रियालाई सञ्चार भनिन्छ ।

### २.४.२ आमसञ्चार

आमसञ्चारलाई जनसञ्चार पनि भनिन्छ । आमसञ्चार यान्त्रिक हुन्छ । कुनै माध्यमबाट व्यापक रुपमा सन्देशको प्रचार-प्रसार गर्ने प्रक्रियालाई आमसञ्चार भनिन्छ । सञ्चारको माध्यमबाट कुनै पनि सूचना , जानकारी वा विचार जनतामाझ पुऱ्याइन्छ भने यो आमसञ्चार हुन्छ, जस्तैः

पत्रपित्रिका, किताब, रेडियो, टेलिभिजन, चलचित्र, कम्प्युटर, स्याटेलाइटआदिलाई आमसञ्चारका माध्यम भनिन्छ । आमसञ्चारद्वारा विशाल जनसमुदायले कुनै पनि सूचना वा जानकारी एकै पटक पाउने अवसर प्राप्त गर्दछन् (खनाल,२०६८:२४) । आमसञ्चार औपचारिक सङ्गठन हो । यस सङ्गठनमा व्यावसायिक सञ्चारकर्मीहरुको संलग्नता रहन्छ । उनीहरूको सन्देश प्रवाह गर्दा जनताप्रति लक्ष्यित भएर गर्नुपर्ने हुन्छ । आमसञ्चारको पहुँचको विस्तारले छरिएर रहेका जनसमूह वा ठूलो क्षेत्रलाई एकैसाथ सूचना, जानकारी र मनोरञ्जनआदि उपलब्ध गराउने काम गर्दछ ।

## २.४.३ विश्वमा आमसञ्चारको प्रारम्भ


बोलीको विकाससँगै मानव सभ्यताको इतिहास सुरु भएको पाइन्छ । भाषाशास्त्रीका अनुसार दशहजार वर्ष अघिदेखि मात्र मानिसले मानव भाषाको प्रयोग गर्न थालेको हो । अक्षरको ज्ञान हुनु अघि मानिसहरूले बोलीको माध्यमबाट आफ्ना विचार, भावना वा भाव प्रकट गर्थे । इसापूर्व ४०० वर्ष अधि ग्रीक साम्राज्यका शहरमा ढोल बजाउँदै सूचना दिने काम
हुन्थ्यो । प्राचीन कालमा चीनका सम्राटले पनि आ-आफ्नो प्रदेशका राज्य प्रतिनिधि वा प्रशासकहरूलाई आ-आफ्नो क्षेत्रमा हुने गरेका विवरण वा आफ्ने दरबारमा भए गरेको कुराहरूको विवरण नियमित रुपले पाउने र पढाउने गर्दथे । हस्तलिखित कागज, मसी र कलमको उपयोग हुन थालेपछि यस्ता लिखित जानकारी पाउन सम्भव भएको थियो । एक्टा डिउनालाई आमसञ्चारको माध्यमको पुर्खा मानिन्छ । ईसापूर्व ५९ मा जुलियर सिजरले यसलाई लिखित रुपमा प्रकाशन गराएका थिए । चीनमा ईसापूर्व ७०० वर्षअघि तत्कालीन चाउवंशी राजाहरूले आफ्ना दरवारका सूचनाहरू संसदहरूलाई उपलब्ध गराउन यिनले आफ्नो नामका हस्तलिखित सूचनाहरू जाहेर गरेका थिए । ईशापूर्व ६१८ तिर पि.पाओको नामको पेकिङ गजेट राखिएको पाइन्छ । यो गजेटलाई मुद्रित रुपमा प्रकाशन हुने विश्वको पहिलो अखवार मानिन्छ ।

विश्वमा मुद्रण प्रविधिको आविष्कारका रुपमा जोहन्स गुटेन वर्गलाई लिइन्छ । जर्मनका एक सामान्य नागरिकका रुपमा रहेका उनले सन् १४४० को दशक अर्थात् पन्ध्रौं शताब्दीमा जर्मनीको प्रसिद्ध शहर कालोनमा छापाखानाको आविष्कार गरेका थिए । उनले निकै वर्ष लगाएर छापाखानाको विकास एवम् परिमार्जन गरे । सन् १४५३ मा तीनसय बाइबल छापे । छापाखानाका कारण संसारभर ज्ञानको प्रचार-प्रसार भयो (खनाल,२०६८:५२-५३) ।

## २.२.४ आमसञ्चार माध्यम

कम्युनिकेशन मिडिया भनेर चिनिने आमसञ्चार माध्यम भन्नाले आम जनतालाई सूचना, जानकारी पुऱ्याउन प्रयोग गरिने साधन भन्ने बुझिन्छ । विभिन्न स्थानमा छरिएर रहो आम जनसमुदायलाई द्रुत गतिमा सन्देश सम्प्रेषण गर्न आमसञ्चार माध्यमले सहयोग गरिरहेका हुन्छन् । आमसञ्चारविद् विलियमका अनुसार आमसञ्चार माध्यमले भौगोलिक रुपमा छरिएर रहेका विभिन्न सांस्कृतिक रहन सहन, धार्मिक, सामाजिक र राजनीतिक आस्था भएका मानिससामु एकैपटक सन्देश पुऱ्याउने र उनीहरूलाई प्रतिनिधित्व गर्ने क्षमता हुन्छ (खनाल, २०६८:३५) ।

आमसञ्चार माध्यमलाई दुई किसिमले विभाजन गर्न सकिन्छ; जसलाई निम्नानुसार तालिकामा पनि देखाउन सकिन्छ :




## २.४.३.१ छापा माध्यम

छापाखानामा छापेर प्रकाशन हुने पत्रपत्रिका, किताब, पोष्टर, पम्प्लेट, म्यागिजन, जर्नलआदिलाई छापा माध्यम भनिन्छ । यो माध्यम साक्षर व्यक्तिको लागि मात्र उपयोगी हुन्छ । समसामयिक विषयवस्तुवारे पूर्ण जानकारी पाइने वा विस्तृत रुपमा लेखक, विश्लेषक राजनीतिज्ञआदिहरूको विचार विश्लेषण पढ्न पाइने, आफ्ना रूचिअनुसारका इतिहास, समाज, संस्कृतिसम्बन्धी ज्ञान लिन चाहेमा र विभिन्न क्षेत्रको जानकारी दिन सक्नु छापा माध्यमको प्रमुख विशेषता हो ।

## २.४.३.२ विद्युतीय माध्यम

विद्युतीय माध्यममा प्रवाह गरिएको सन्देशलाई अन्तरिक्षमा वायू तरङ्गको सहयोगद्वारा निश्चित केन्द्रमा पठाइन्छ । उक्त पठाइएको सो सन्देश प्रापक यन्त्रले विद्यतीय माध्यमद्वारा हाम्रो घर-घरमा

देखिन्छ, सुनिन्छ । यही विद्युतीय तरङ्गबाट सञ्चार गरिने प्रणाली नै विद्युतीय माध्यम हो । यो तार वा केवलको माध्यमबाट सञ्चार हुन्छ । यो साक्षर र निरक्षर दुवैका लागि उपयोगी हुन्छ । छिटो गरी सन्देश पुऱ्याउनु, एकै पटक बृहत् जनसमूहलाई सन्देश दिन सक्नु यसको विशेषता हो ।

## २.२.५ नेपालमा आमसञ्चार

नेपालमा आमसञ्चारको माध्यमको इतिहास धेरै पुरानो छैन । नेपाली भाषाको प्रकाशन प्रारम्भमा भारतको कोलकाताबाट भएको थियो । नेपाली भाषामा सर्वप्रथम ७०६ पृष्ठको बाइबल सन् १९२१ मा कोलकाताको सेरामपुर मिसनले प्रकाशन गरेको पाइन्छ । यसप्रकार नेपाली भाषाको प्रकाशन प्रारम्भ भारतको कोलकाताबाट सुरु भई भारतकै बनारसमा पुगेको पाइन्छ । बनारस अध्ययन गर्न जाने नेपाली छात्रहरू वा प्रभावित प्रकाशकीय वातावरणस्वरुप यसले नेपाली भौगोलिक परिवेश प्राप्त गर्न पुगेको हो (अधिकारी, २०६६ :३२५) । नेपालको परम्परागत आमसञ्चारको  रुपमा ढोलक बजाएर  र प्रायः कटुवाल लगाएर, झ्याली पिटेर, दमाहा बजाएर सबैलाई एकै ठाउँमा बोलाएर सन्देश सञ्चार गरिन्थ्यो । विद्युतीय र छापा माध्यमको विकास र विस्तार पश्चिमा मुलुकहरूमा देखिँदै गएपछि नेपालमा पनि त्यसको प्रभाव पर्न थाल्यो ।

भारतमा नेपाली भाषाका किताबहरू छापिएको तीन दशक पछि मात्र नेपालमा छापाखाना भित्रिएको देखिन्छ । राणाकालीन प्रधानमन्त्री  जङ्गबहादुर राणा बेलायत भ्रमणबाट फर्कंदा वि.सं. १९०८ मा छापाखाना लिएर आएका थिए । त्यही छापाखानालाई गिद्धे छापाखाना भनिन्थ्यो । यसैबाट नै आमसञ्चारको छापामाध्यमको सुरुवात् भयो । गिद्धे प्रेस ल्याइएको केही वर्षपछि मनोरञ्जन छापाखाना नामक अर्को प्रेस ल्याइएको थियो । यसै प्रेसबाट वि.सं. १९१९ मा 'मोक्षसिद्धि' पुस्तक छापिएको देखिन्छ । यसै प्रेसबाट तीन वर्ष लगाएर १०३८ पृष्ठको नेपालमा पहिलो नेपाली मुलुकी ऐन छापिएको हो । क्रमशः पछि मोतीराम भट्टले पनि साहित्यिक कृति प्रकाशन गरी आमसञ्चार माध्यमलाई निरन्चरता दिइएको पाइन्छ । वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशनसँगै नेपालमा आधुनिक पत्रकारिताको सुरुवात भएको

देखिन्छ । गोरखापत्र पछि अरू पत्रिका पनि वि.सं. १९९१ मा प्रकाशित भएको देखिन्छ । त्यसपछि राणाकालको अन्त्यतिर २००६ सालमा पहिलो पटक हिन्दी चलचित्र 'रामविवाह' सिनेमा घरमा प्रदर्शन भएको पाइन्छ । यद्दपि जुद्ध शमशेरले सन् १९४३ मा पहिलो पटक चलचित्र घर बनाउन लगाएको देखिन्छ ।

वि.सं. २०४७ सालमा भएको जनआन्दोलनपछि नेपालमा आमसञ्चारको प्रशस्त विकास भयो । यसरी त्रमशः नेपालमा आमसञ्चार माध्यमको विकास भएको देखिन्छ । विभिन्न प्रेस, काउन्सिलको गठन, आमसञ्चारको संरक्षण, सम्बर्द्धनको लागि विभिन्न संघ-संस्थाहरु खोलेर निरन्तर रुपमा लागी पर्ने वातावरण बन्दै जान्छ ।

## २.२.६ नेपालमा पत्रकारिताको थालनी

नेपाली पत्रपत्रिकाको इतिकासमा **गोरखापत्र**लाई सबैभन्दा जेठो पत्रिकाको रुपमा लिइएको देखिन्छ । यद्दपि गोरखापत्र प्रकाशित हुनुभन्दा अघि नै वि.सं. १९४८ सालतिर बनारसबाट युवा कवि मोतीराम भट्टको सक्रियतामा **गोरखा भारत जीवन** प्रकाशित भएको सङ्केत मिल्छ भने १९५५ साउनदेखि राजधानी काठमाडौँबाट मोती मण्डलीको सक्रियतामा **सुधासागर** मासिक पत्रिका प्रकाशित हुन पुगेको देखिन्छ ।  पण्डित नरदेव, मोतीकृष्ण शर्माद्वारा नेपाली भाषाको उन्नति गर्ने उद्देश्यले यो पत्रिका पाशुपत प्रेस ठँहिटीबाट प्रकाशनमा आउन थालेको पाइए पनि आजसम्म यसको एक प्रति पनि पाइएको छैन । सुधासागर प्रकाशित हुन थालेको दुई वर्ष १० महिना पछि **गोरखापत्र** प्रकाशनमा आएको देखिन्छ । नेपाली पत्रिकामा यो पहिलो साप्ताहिक समाचारपत्र मानिन्छ । सुधा सागर मासिक साहित्यिक पत्रिका भएकाले **गोरखापत्र**लाई नै पहिलो पत्रिका मानिएको हो । सन् १९०१ मा दार्जिलिङबाट **गोरखा खबर कागज** पत्रिका प्रकाशनमा आएको बुझिए पनि हाल यो किम्बदन्तीकै रुपमा रहेको छ । यसरी सरकारकै मुखपत्रका रुपमा रहेको **गोरखापत्र** २००७ साल पछि केही स्वतन्त्र देखिए पनि आजसम्म औपचारिक समाचारको प्राथमिकतामा सरकारी सयन्त्र नै मान्य हुने गरेको पाइन्छ (रेग्मी, २०५८ः ३२-३३) ।

## २.२.७ सम्पादकीय

सम्पादकीय कुनै पनि पत्रिकाको मेरूदण्ड हो । यसले पत्रिकाको समाचार सम्पादन र स्तरीयता तथा सार्वजनिक महत्वप्रतिको कर्तव्यमा पत्रिका कति उत्तरदायी छ ? भन्ने कुरालाई सङ्केत गर्दछ । त्यसरी नै वर्तमान अवस्थाका समसामयिक विषयवस्तुलाई यसले ग्रहण गरी सम्प्रेषण गर्ने गरेको वा नगरेको भन्ने कुरा पनि सम्पादकीयको प्रयोगले यथार्थ बोध गराउँदछ । यसर्थ पनि सम्पादकीय कुनै पनि समाचारपत्रको मेरूदण्ड मानिन्छ । यस शीर्षकमा सम्पादकीयको परिचय, इतिहास, अर्थ, संरचना, भाषा, काम, वर्गीकरण, विशेषता, सचेतता, सीमा तथा स्थानीय भाषाका वारेमा सामान्य जानकारी दिने काम गरिएको छ ।

### २.२.७.१ सम्पादकीयको परिचय

सम्पादकीय भनेको समाचारपत्रले कुनैपनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो । सम्पादकीयमा सम्पादकका कुरा, सम्पादकका विचार, टिप्पणी, प्रतिक्रिया, सुझाव, चेतावनी समावेश गरिएको हुन्छ । सम्पादकीय समाचारपत्रको मुख्य स्तम्भ हो । सम्पादकीय छापिने पृष्ठ अत्यन्त महत्वपूर्ण हुन्छ । यस स्तम्भमा सम्पादकको भनाइ, समसामयिक लेख र सार्वजनिक महत्वको चासोका विषयमा गरिएको विश्लेषणात्मक टिप्पणी राखिएको हुन्छ ( खनाल,२०६८) । सम्पादकीय आफ्नो पत्रिकाको भनाइ प्रस्तत् गर्ने ठाउँ हो । सम्पादकीय समाचारपत्रमा नियमित रुपमा निश्चित स्थानमा प्रकाशित हुने गर्दछ ।

सम्पादकीय शब्दले कुनै पुस्तक पुस्तिकाको  विषय वा उद्देश्यलाई प्रष्ट्याउने गरी सम्पादकको तर्फबाट सङ्क्षेपमा लेखिएको विशेष प्रकारको लेख भन्ने बुझिन्छ (नेपाली बृहत् शब्दकोश,२०६९) । सम्पादकीयमा अङ्ग्रेजी भाषाको एडिटर शब्दको समानार्थी नेपाली शब्द
हो । यसको अर्थ सम्पादकको मत भन्ने बुझिन्छ । सम्पादकीय शब्द संस्कृत भाषाबाट नेपालीमा आएको शब्द हो । सम्+पाद्+अक+इय मिलेर सम्पादकीय शब्द बनेको हो । सम्पादकीयका वारेमा विभिन्न समयमा विभिन्न विद्वानहरुले चर्चा गर्दै आएको पाइन्छ ।

खनालकाअनुसार सम्पादकीय भनेको समाचारपत्रले कुनैपनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो (२०६८:२४०) । त्यसैगरी अर्का विद्वान मेहेताका विचारमा समाचारपत्रको प्रकट गर्ने ऐना सम्पादकीय हो (१९७९:२७१) । त्यसैगरी नेपाली बृहत् शब्दकोश ( २०६९:१२३९) मा समाचारपत्रआदिमा समसामयिक विषयमा सम्पादकका तर्फबाट लेखिएको विशेष प्रकारको लेखलााई सम्पादकीय मानिएको छ । यसरी सम्पादकीयलाई विभिन्न विद्वानहरुले  आ-आफ्नै ढङ्गले प्रस्तुत गरेको पाइन्छ । यी विद्वानहरुको भनाइलाई आधार मान्दा सम्पादकीय भनेको समसामयिक विषयमा सम्पादन गरिएर लेखिएको समाचार बुझिन्छ ।

## २.२.७.२ सम्पादकीय लेखनको विश्व इतिहास

पत्रकारिताको सुरु-सुरुमा सम्पादकीय पृष्ठ भनेर छुट्याइँदैनथ्यो । प्रायः समाचारकै अन्त्यमा सम्पादकीय टिप्पणी गरिन्थ्यो वा काल्पनिक नाममा सम्पादकीयलाई चिठी छापेर सम्पादकीय दायित्व पूरा गरिन्थ्यो । हुनतः सुरुमा समाचार विचार, न्युजलेटर र पम्पलेटका रुपमा अलग्गै छापिन्थ्यो । एउटै अखवारमा वसमाचार र विचार एकैसाथ छाप्ने प्रथाको प्रारम्भ लण्डनबाट प्रकाशित हुने ‘दि रिभ्यु’मा सन् १७०४ मा डयानियल डेफोले गरेको मानिन्छ । त्यस्तै सम्पादकीय छुट्टै लेख्ने श्रेय

नोह वेब्स्टरलाई दिइन्छ । उनले सर्वप्रथम मास्ट हेडमाथि सम्पादकीय छापे । सम्पादकीय सुरुमा सम्पादक स्वयम्ले लेख्थे भने अहिले सम्पादकको निर्देशनमा सम्पादकीय लेख्ने लेखकहरूको समूह नै पनि हुन्छ (चालिसे, (२०५७:६१-६२) ।

बेलायतका स्वीफ्ट, डिफो, बोलिङ्ग, ब्रक, पुलेटिनआदि सम्पादकहरूले सन् १५०४ देखि १७०४ का बिचमा सर्वसाधारण जनताको विचार बुझ्ने अभिप्रायले सम्पादकीय लेख्ने चलन चलाए पछि सम्पादकीय लेखन सुरु भएको मानिन्छ (देवकोटा,२०५९:१२९) ।

## २.२.७.३ सम्पादकीयको अर्थ

अङ्ग्रेजी शब्द इडिटोरलको नेपाली समानार्थी शब्द नै सम्पादकीय हो । सम्+पाद्+अक+इय मिलेर बनेको सम्पादकीय शब्दको अर्थलाई नेपाली बृहत् शब्दकोश (२०४०) ले नामका आधारमा सम्पादकका तर्फबाट समसामयिक विषयमा आफ्नो दृष्टिकोण प्रस्तुत गरी लेखिएको विशेष लेख, सम्पादक्यौली र विशेषणका आधारमा सम्पादकसम्बन्धी सम्पादकलाई सम्पादकीय मानेको देखिन्छ ।

यसरी हेर्दा सम्पादकीय समाचारपत्रको महŒव नाप्ने कसी हो । यसमा लक्ष्य वा विचारको तर्कसङ्गत, रुचीपूर्ण र सङ्क्षिप्त प्रस्तुति हुन्छ । सम्पादकीयमा सामान्य पाठकले पनि विश्लेषित विषयको महत्व बुझ्न सक्षम हुने अपेक्षा गरिएको हुन्छ । सम्पादकीय सामान्य पाठकले पनि सजिलै बुझ्न सकिने भाषाका साथै छोटो, सरल, स्पष्ट र समसामयिक हुनु जरुरी देखिन्छ ।

## २.२.७.४ सम्पादकीयको संरचना

शीर्षक बाहेक सम्पादकीयमा तीन खण्ड हुन्छ । सुरुमा विषयवस्तुवारे छोटो परिचय र पृष्ठभूमि हुन्छ । सुरुवात सरल र स्पष्ट भाषामा हुनुपर्छ । मध्य भागमा तथ्य विवरण पेश गरिन्छ । व्याख्या, तार्किक, विश्लेषण र मूल्याङ्कनसहितको मत प्रकट गर्ने काम सम्पादकीयको दोस्रो भागमा गरिएको हुन्छ । तेस्रो भाग वा अन्त्य सम्पादकीयको उपसंहार हो । यस भागमा निष्कर्ष र सुझाव प्रस्तुत गर्नु पर्दछ (खनाल,२०६८:२४२) । सम्पादकीयको संरचना पत्रपत्रिकाको आकार र प्रकारमा भर पर्दछ । यद्दपि पत्रिकाको आकार ठूलो हुँदैमा सम्पादकीय पनि धेरै हुन्छ भन्ने छैन । सम्पादकीय प्रायः ३/४ अनुच्छेदमा लेखिन्छ । सम्पादकीय सम्पादक, वरिष्ठ सम्पादक वा सहसम्पादक आदिले लेख्ने गरेको पाइन्छ ।

### २.२.७.५ सम्पादकीयको भाषा

सम्पादकीयको भाषा सरल र स्पष्ट किसिमको हुनुपर्दछ । सम्पादकीय जति सरल र स्पष्ट हुन्छ, त्यति नै पाठकहरू सम्पादकीयप्रति आकर्षित हुन्छन् । सङ्क्षिप्त शैलीमा विचारात्मक र मार्मिक ढङ्गले आकर्षक रुपमा सम्पादकीय लेख प्रस्तुत गर्ने प्रयत्न गरिन्छ । व्यक्तिपरक शैली म छोडेर निर्वैयक्तिक पारामा सम्पादकीय लेखिन्छ । लामा-लामा वाक्य र उदाहरणहरू राम्रो मानिन्न । आम जनताले समेत बुझ्ने खालको शब्दको वाक्य प्रयोग गर्नु उचित मानिन्छ । ड्यानियल डिफोले सम्पादकीयको भाषा पागल र मूर्ख बाहेक सबैले बुझ्न सकून भन्ने रहेको देखिन्छ । सम्पादकीयमा प्रयोग हुने शब्द-शब्द, वाक्य-वाक्य र अनुच्छेद-अनुच्छेदबिच सम्बद्धक-सम्बद्धनको शृङ्खला मिल्न जरुरी हुन्छ ।

### २.२.७.६ सम्पादकीयको काम

सम्पादकीयको काम विभिन्न हुने गर्दछ । सम्पादकीयको कामलाई यसरी उल्लेख गर्न सकिन्छ :

सम्पादकीयले पाठकलाई अभिप्रेरित गर्ने गर्दछ । समाजमा भएका भ्रष्टाचार, सामाजिक विसङ्गति एवम् अनियमितता हटाउन सहयोग गर्ने गर्दछ । यसका साथै पाठकलाई सचेत गराउँदै सुझाव, सल्लाह दिने र शिक्षित गराउने काम गर्दछ । समाजमा भएका विविध मतलाई प्रतिनिधित्व गराउने काम गर्दछ । पाठकलाई मनोरञ्जन प्रदान गर्दछ । सम्पादकीयले जनमत निर्माण गर्न र अखबारको परिचय र स्वर मापन गर्ने काम समेत गर्दछ (खनाल,२०६८:२४१) ।

### २.२.७.७ सम्पादकीयको वर्गीकरण

विभिन्न विद्वान् तथा पत्रकारहरूले विभिन्न समयमा सम्पादकीयलाई भिन्न-भिन्न किसिम र प्रकारमा वर्गीकरण गरेको पाइन्छ :

भारतीय लेखक प्रवीण दीक्षितले सम्पादकीयलाई छ वटा वर्गमा प्रस्तुत गरेका छन् । जसमा उत्साहबर्द्धक सम्पादकीय, कर्तव्यवोधक सम्पादकीय, आन्दोलनात्मक सम्पादकीय, सुझावात्मक सम्पादकीय, समसामयिक सम्पादकीय, पक्ष समर्थन सम्पादकीय रहेका हुन्छन् (शर्मा,२०६६:३१)। त्यस्तै विजय चालिसेले सम्पादकीयलाई विचार प्रत्यावर्तक, तात्कालिक, वैचारिक, प्राथमिक सम्पादकीय भनेर विभाजन गरेका छन् (न्यौपाने, २०६६:२५) । त्यसैगरी वेन कोनार्टले सम्पादकीयलाई व्याख्यात्मक सम्पादकीय, आलोचनात्मक सम्पादकीय, मनोरञ्जनात्मक सम्पादकीय भनेर तीन वर्गमा विभाजन गरेका छन् ।

### २.२.७.८ सम्पादकीयको विशेषता

सम्पादकीय लेख्दा कथ्य र विचारको वस्तुनिष्ठ सन्तुलनतर्फ एकदमै ध्यान दिनु पर्दछ । सम्पादकीयमा भाषा सरल, स्पष्ट, तथ्यपूर्ण, सङ्क्षिप्त, ष्पिक्ष र विशलेषणात्मक हुनु आवश्यक हुन्छ । सम्पादकीयको सिद्धान्तनुसार सम्पादकीयमा सबैले बुझ्न सक्ने खालको सरल लेखन हुनुपर्दछ । त्यस्तै सम्पादकीयमा छोटा वाक्यको प्रयोग, भाषा सरलबाट जटिलतर्फ उन्मुख हुनुपर्दछ । सम्पादकीयको भाषा वास्तविक र प्रष्ट, प्रभावकारी, सकारात्मक धारणाको प्रवाह,सामूहिक प्रतिनिधित्व, विषयवस्तुको सामिप्यता र शीर्षकीय सार्थकताको विशेषता बहन गर्ने हुनु पर्दछ । सम्पादकीयमा मौलिकता प्रस्तुत गर्नुपर्ने, निष्कर्ष दिने, व्याकरणिक र कानुनी चुनौतीप्रति सचेत भएको हुनुपर्दछ । सम्पादकीयमा म, तिमी, मलाई जस्ता सर्वनामहरू हटाई बहुवचन जनाउने शब्द प्रयोग गरिएको हुनुपर्दछ । सम्पादकीय लेख्दा संवादको प्रयोग पनि गरिनु हुँदैन (न्यौपाने, २०६६:२७) ।

### २.२.७.९ सम्पादकीय लेख्दा ध्यान दिनुपर्ने कुराहरु

सम्पादकीय पत्रिकाको महत्वपूर्ण स्तम्भ भएकाले यसको लेखनमा विशेष ध्यान दिनुपर्छ । जुन विषयमा सम्पादकीय लेखिन्छ, त्यसवारे पर्याप्त र तथ्य जानकारी लिएर मात्र लेख्नुपर्छ ।

सम्पादकीय लेख्दा त्यसको विषयवस्तुको छनोटदेखि महत्त्व, प्रभाव, शिष्ट एवम् सौम्य भाषा, रचनात्मक आलोचना, प्रमाणको उपलब्धताआदिमा विशेष ध्यान दिनु जरुरी देखिन्छ । सम्पादकीयमा विना प्रमाणका असत्य कुराहरू, अनावश्यक व्याख्या तथा विस्तारलाई स्थान दिनु हुँदैन ।

### २.२.७.१० सम्पादकीयमा राख्न नमिल्ने कुराहरू

सम्पादकीयको भाषा सामान्य समाचारको भाषा जस्तो हुँदैन । त्यसैले समाचारमा राखिने कुराहरू सम्पादकीयमा राख्न नमिल्ने हुन सक्छ । सम्पादकीयमा उपशीर्षक राख्न, झुटो, अन्दाजी र अनावश्यक व्याख्या गर्नु हुँदैन । त्यस्तै व्यक्तिको चरित्र र प्रतिष्ठामा आँच आउने प्रसङ्ग, लामा अनुच्छेदहरू, जटिल तथा प्राविधिक शब्दहरू प्रयोग गर्न मिल्दैन । वास्तविकतालाई छोप्न पनि हुँदैन । यसको अन्त्य स्पष्ट र सन्देशमूलक हुनु जरुरी हुन्छ ।

## २.३ स्थानीय भाषा

कुनै निश्चित ठाउँमा बस्ने/रैथानेले उच्चारण गर्ने ध्वनि वा लेख्य चिन्हको प्रयोग गरी त्यस समुदायमा विचार आदान-प्रदान गर्दा स्थानीय लवजका साथ बोलिने भाषा स्थानीय भाषा हो । नेपाली भाषाका पनि अनेकौं भेद र उपभेदहरू छन् । यी भेदहरू मानक भाषासँग मिल्छन् नै भन्ने छैन । स्थानीय पत्रिकामा यस्ता स्थानीय विशेषता वहन गर्ने भाषाले केही सरलताको निर्वाह गरे पनि सम्पादकीयको भाषा अनौपचारिक नभएर औपचारिक हुनु उचित ठर्हछ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

यस अध्यायमा अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना/अध्ययनको क्षेत्र, नमुना छनोटको प्रक्रिया, तथ्याङ्क/सूचना सङ्कलनका उपकरणहरू, तथ्याङ्क सङ्कलनका प्रक्रिया र विश्लेषण प्रक्रियाका बारेमा चर्चा गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

यस अध्ययनमा विशेषतः सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन गर्नुपर्ने भएकाले पुस्तकालयीय अध्ययन प्रक्रियालाई प्रमुख आधार बनाइएको छ । पुस्तकालयबाट प्राप्त हुन नसक्ने सामग्री अध्ययन तथा सङ्कलनका लागि स्थलगत अध्ययन गर्नुपर्ने भएकाले सर्वेक्षण विधि पनि प्रयोगमा ल्याइएको छ । प्राप्त भएका सामग्रीलाई विभिन्न आधारमा विश्लेषण गर्नका लागि वर्णनात्मक विधि अपनाइएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

प्रस्तुत शोधपत्र 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन शीर्षकमा आधारित रहेको छ । यसमा २०७१ फाल्गुन २८ देखि चैत्र १० गते सम्मका पत्रिकामा आधारित भएर अध्ययन अनुसन्धान गरिएको छ । त्यसैगरी सम्पादकीयमा प्रयोग भएका विषयवस्तु, शीर्षक, शैली, संरचना, शब्दभण्डार, वाक्य र स्थानीय भाषिका जस्ता कुरामा समेत ध्यान दिई अध्ययन गरिएको छ ।

## ३.३ नमुना छनोट प्रक्रिया

प्रस्तुत अध्ययन मूलतः पुस्तकालयीय अध्ययन प्रक्रियामा आधारित भई गरिएको छ । नमुना छनोट गर्ने क्रममा 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको २०७१ फाल्गुन २८ देखि चैत्र १० गते सम्मका पत्रिकामा प्रकाशित सम्पादकीयलाई छनोट गरिएको छ ।

## ३.४ तथ्याङ्क/सूचना सङ्कलनका उपकरणहरू वा सामग्री निर्माण

यस अध्ययनका लागि आवश्यक सूचना सङ्कलनका सामाग्रीमा अध्याय दुईको सैद्धान्तिक प्रारुपमा उल्लेखित सन्दर्भ कृति र विभिन्न व्यक्तिहरुले सञ्चार वा पत्रिकाका क्षेत्रमा अध्ययन गरी तयार पारेका शोधपत्रलाई सामग्री बनाइएको छ ।

## ३.५ तथ्याङ्क/सूचना सङ्कलनका साधनहरू वा सामग्रीका स्रोत

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्रीहरू प्राथमिक र द्वितीयक दुवै स्रोतबाट सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रुपमा 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकालाई लिइएको छ भने द्वितीयक स्रोतका रुपमा सम्बन्धित सैद्धान्तिक ग्रन्थ, शब्दकोश, समाचारपत्र माथि गरेका विभिन्न शोधकार्यहरू, भाषा सम्बन्धि लेख-रचना, पाठ्यपुस्तक, अघिल्ला वर्षका शोधपत्रहरू, सन्दर्भपुस्तकहरूको खोजी गरी व्यापक अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

माथि उल्लेख गरिएका प्रक्रियाहरुलाई अध्ययन गर्दै तथ्याङ्कको सङ्कलन गरिसकेपछि 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन विश्लेषण गरिएको छ । सम्पादकीय खण्डमा रहेका भाषालाई विभिन्न शीर्षकमा बाँडेर त्यसको छुट्टाछुट्टै अध्ययन गरिएको छ । जसअन्तर्गत सम्पादकीयको बाह्य पक्ष (शीर्षक, विषयवस्तु, संरचना, शैली) तथा आन्तरिक पक्ष ( शब्दभण्डार, काल, वाक्य, स्थानीय भाषिका) को अध्ययन गरिएको छ । अन्त्यमा निष्कर्ष निकाली सोही आधारमा उपयोगिता समेत प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

यस अध्यायमा 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक समाचारपत्रको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययनलाई सम्पादकीय विशेषताका आधारमा विश्लेषण गरिएको छ । मूलतः सम्पादकीयको बाह्य तथा आन्तरिक पक्षमा केन्द्रित रही अध्ययनलाई व्यवस्थित गर्ने काम भएको छ । बाह्य पक्षमा शीर्षक, विषयवस्तु, संरचना र शैली तथा आन्तरिक पक्षमा शब्दभण्डार, काल, वाक्य र स्थानीय भाषाको प्रयोग अवस्थावारे अध्ययन गरिएको छ । अध्ययनलाई स्पष्ट पार्न आवश्यकतानुसार विभिन्न तालिकाको पनि प्रयोग गरिएको छ ।

## ४.१ 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक समाचारपत्रको सम्पादकीयको बाह्य पक्षको अध्ययन

बाह्य तथा भौतिक अध्ययनलाई प्राविधिक अध्ययन पनि भनिन्छ । भौतिक आधार अन्तर्गत सम्पादकीयलाई बाहिरी रुपमा नियाल्दा देखिने दृष्टि तत्व भन्ने बुझिन्छ । जसमा सम्पादकीयको आकार-प्रकार, शैली, शीर्षक, संरचना, विषयवस्तु र रङ्गरोगनका कुराहरूलाई लिन सकिन्छ । जसमध्ये यहाँ विषयवस्तु, शीर्षक, संरचना र शैलीलाई विश्लेषणको आधार बनाइएको छ ।

### ४.१.१ सम्पादकीयको शीर्षक

कुनै पनि लेख रचनाको नाम नै शीर्षक हो । शीर्षकको उद्देश्य अखवारलाई आकर्षक बनाउनु, समाचारको महत्व दर्शाउनु र पाठकलाई पत्रिका किन्ने बनाउनु नै हो । शीर्षकको छनोट गर्दा विषयवस्तुको प्रतिनिधित्व गर्नसक्ने हुनुपर्दछ । शीर्षक वाक्यात्मक नभएर पदावलीयुक्त हुनुपर्दछ । शीर्षकमा सङ्क्षिप्तता, कलात्मकता र प्रभावकारिता हुनुपर्छ । शीर्षक लेख्दा वर्तमान कालको क्रियापद र कर्तृवाच्यको प्रयोग राम्रो मानिन्छ । शीर्षकमा व्यक्तिवाचक नाम प्रयोग गर्नु हुँदैन । त्यस्तै शीर्षकमा क्रियापद र नामयोगीबाट शीर्षक सुरू गर्नु हुँदैन । शीर्षकले विषयवस्तुको पूर्ण प्रतिनिधित्व गर्नुपर्छ । शीर्षकले  लेखिएको विषयवस्तुको निचोडलाई समेट्नु पर्दछ ।

यहाँ नमुनाका रुपमा लिइएका 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको १२ वटा सम्पादकीयका शीर्षकहरूलाई निम्न आधारमा वर्गीकरण गरिएको छ, जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १

**सम्पादकीयको शब्द सङ्ख्याको आधारमा वर्गीकरण**

| शब्द सङ्ख्या | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ३ | २ | १६.६६ |
| ४ | ५ | ४१.६७ |
| ५ | ५ | ४१.६७ |
| **जम्मा** | १२ | १०० |

माथि उल्लिखित तालिका अनुसार सिन्धुली सौगात पत्रिकाको सम्पादकीयमा ३ देखि ५ शब्दसम्मका शब्दहरु प्रयोग भएका छन् । जसमध्ये ३ शब्द प्रयोग भएका शीर्षक २ वटा (१६.६६ प्रतिशत), ४ शब्द प्रयोग भएका शीर्षक ५ वटा (४१.६७ प्रतिशत) र ५ शब्द प्रयोग भएका शीर्षक पनि ५ वटा (४१.६७ प्रतिशत) नै रहेका छन् ।

माथिको तालिकामा हेर्दा ३ शब्द प्रयोग गरिएका शीर्षक २ पटक प्रयोग भएका देखिन्छन् भने ४ र ५ शब्द प्रयोग भएका शीर्षकहरु वढी आवृत्ति अर्थात् ५/५ पटक प्रयोग भएको देखिन्छ । सिन्धुली सौगात राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयोग भएका शीर्षकहरु परिशिष्टमा हेर्न सकिन्छ ।

## ४.१.२ सम्पादकीयको विषयवस्तु

सम्पादकीय स्तम्भमा समसामयिक विषयवस्तु लेखनलाई बढी जोड दिनुपर्छ । कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचनाआदिका लागि निश्चित गरिएको कुरा नै विषयवस्तु हो वा बोल्ने र लेख्ने वा पढ्ने सन्दर्भमा तय गरिएको शीर्षक वा विषय नै विषयवस्तु हो (अधिकारी, २०६१:९२२) । सम्पादकीयको विषय क्षेत्र व्यापक रहेको छ । जुनसुकै विषयवस्तुलाई लिएर सम्पादकीय लेख्न सकिन्छ । कुनै पनि व्यक्तिको चरित्रमा आँच आउने किसिमको प्रसङ्गको विचार प्रकट गर्नु हुँदैन । सम्पादकीयको विषय क्षेत्र व्यापक रहेको हुन्छ । सम्पादकीयको विषयवस्तु समसामयिक, सान्दर्भिक र उपयोगी हुनुपर्छ । विना प्रमाण थाहा नभएको विषयमा सम्पादकीय लेख्नु हुँदैन । प्रस्तुत अध्ययनमा 'सिन्धुली सौगात' पत्रिकाको सम्पादकीयको विषयवस्तुलाई अध्ययन गरिएको छ, जसलाई निम्नानुसार देखाउन सकिन्छ ।

**तालिका नं. २**

**सम्पादकीयको विषयवस्तुको आधारमा वर्गीकरण**

| विषयवस्तु | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| राजनीतिक | ३ | २५ |
| सामाजिक | ३ | २५ |
| शैक्षिक | २ | १६.६७ |
| चेतनामूलक | २ | १६.६७ |
| यातायात | १ | ८.३३ |
| स्वास्थ्य | १ | ८.३३ |
| **जम्मा** | **१२** | **१००** |

माथि उल्लिखित तालिकानुसार 'सिन्धुली सौगात' पत्रिकाको सम्पादकीयमा राजनीतिक, सामाजिक,शैक्षिक, चेतनामूलक,यातायात, स्वास्थ्य आदि क्षेत्रका विषयवस्तुलाई समेटिएको देखिन्छ । तीमध्ये राजनीतिक र सामाजिक विषयवस्तु सबैभन्दा बढी अर्थात् ३/३ पटक (२५/२५ प्रतिशशत), शैक्षिक र चेतनामूलक २/२ पटक (१६.६७/१६.६७ प्रतिशत), यातायात र स्वास्थ्य १/१ पटक ( ८.३३/८.३३ प्रतिशत ) प्रयोग गरिएको देखिन्छ । निश्चित समयावधिका सम्पादकीयको विषयवस्तुलाई परिशिष्टमा हेर्न सकिन्छ ।

## ४.१.३ सम्पादकीयको संरचना

कुनै वस्तुको बाहिरी ढाँचा, आकार, प्रकार ,आकृति, रुपाकृति आदिलाई संरचना भनिन्छ (अधिकारी र भट्टराई, २०६३ :९८२) । पत्रिकाको सम्पादकीयको संरचना भन्नाले सम्पादकीयका अनुच्छेद र वाक्यलाई बुझाउँछ । सम्पादकीयको संरचना पत्रिकाको आकार र विषयवस्तुमा भर पर्दछ ।

सम्पादकीय सामान्यतया तीन चार अनुच्छेदमा २५० शब्द जतिको हुन्छ (खनाल,२०६८:२१) । सामान्यतया सम्पादकीय तिन अनुच्छेदको उपयुक्त मानिन्छ । सुरुमा विषयवस्तु हुनुपर्छ । मध्य भागमा तथ्य विवरणका साथै तर्क पेश गरिन्छ । व्याख्या, तार्किक, विश्लेषण र मूल्याङ्कन सहितको मत प्रकट गर्ने कार्य सम्पादकीयको दोस्रो भागमा गरिन्छ । तेस्रो भागमा निष्कर्ष र सुझाव प्रस्तुत गर्नुपर्छ । यसरी तिन अनुच्छेदको सम्पादकीय उपयुक्त मानिन्छ ।

अध्ययनको लागि छनोट गरिएका 'सिन्धुली सौगात' पत्रिकाको सम्पादकीयलाई संरचनाका आधारमा निम्नलिखित तालिका नं. ३ मा देखाउन सकिन्छ ।

तालिका नं. ३

संरचनाका आधारमा सम्पादकीयको वर्गीकरण

| संरचना | सम्पादकीयको सङ्ख्या | प्रतिशत |
| --- | --- | --- |
| १ अनुच्छेद | १ | ८.३३ |
| २ अनुच्छेद | ४ | ३३.३४ |
| ३ अनुच्छेद | ६ | ५० |
| ४अनुच्छेद | १ | ८.३३ |
| **जम्मा** | १२ | **१००** |

माथिको तालिकानुसार 'सिन्धुली सौगात' पत्रिकाको सम्पादकीय १ देखि ४ अनुच्छेदसम्ममा लेखिएको पाइन्छ । जसमा १ अनुच्छेदको १ वटा (८.३३ प्रतिशत ), २ अनुच्छेदको ४ वटा (३३.३४ प्रतिशत ), ३ अनुच्छेदको ६ वटा (५० प्रतिशत) र ४ अनुच्छेदको १ वटा (८.३३ प्रतिशत) रहेको पाइन्छ । सम्पादकीयको सिद्धान्तनुसार तिन अनुच्छेदमा संरचित सम्पादकीय राम्रो मानिने भएकोले छनोटमा लिइएको ५० प्रतिशत सम्पादकीय ३ अनुच्छेदमै संरचित पाइएकोले उपयुक्त नै देखिन्छ ।

## ४.१.४ सम्पादकीयको शैली

शैली भनेको ढङ्ग हो । अभिव्यक्तिको तरिकालाई शैली भनिन्छ । कुनै विषयवस्तुलाई प्रस्तुत गर्ने तरिका वा ढङ्ग-ढाँचा नै शैली हो । भाषिक एकाइको सौन्दर्यबोधक, समुच्चय र भाषा एवम् विषयका दृष्टिबाट विचलनयुक्त रचनाकारको विशिष्ट रचना, प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ (शर्मा र लुइँटेल, २०६१ :२३८) । समाचारपत्रमा विभिन्न प्रकृतिका समाचारलाई फरक-फरक शैलीमा लेखिन्छ । जस्तै : खेल समाचार, आर्थिक समाचार, विज्ञापनिक समाचार विभिन्न शैलीमा प्रस्तुत गर्ने गरेको पाइन्छ । समाचार छुट्टै स्तम्भमा रहेको सम्पादकीयको भाषा अन्य स्तम्भमा भन्दा सरल, स्पष्ट हुने गरेको पाइन्छ। शैलीमा विचारात्मक र तार्किक ढङ्गले लेख प्रस्तुत गरिन्छ। यसमा व्यक्तिपरक **म**लाई छाडेर **हामी** लेख्नुपर्छ। यसमा सम्पादकले निजी विचार राख्न पाउँदैन ।

प्रस्तुत 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकाको नमुना छनोटमा परेका अङ्कका सम्पादकीयलाई आधार मानेर सम्पादकीयमा प्रयोग भएका शैलीलाई निम्नलिखित तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४

## शैलीका आधारमा सम्पादकीयको वर्गीकरण

| शैली | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| वर्णनात्मक | ३ | २५ |
| अनुरोध | ४ | ३३.३४ |
| सुझाव | ३ | २५ |
| भविष्यवाणी | १ | ८.३३ |
| तुलना | १ | ८.३३ |
| **जम्मा** | **१२** | **१००** |

माथिको तालिकानुसार 'सिन्धुली सौगात' पत्रिकामा प्रयोग भएका सम्पादकीयको शैली ५ प्रकारको देखिन्छ । जसमध्ये भविष्यवाणी र तुलना गर्ने शैली १/१ वटा (८.३३/८.३३ प्रतिशत), सुझाव र वर्णनात्मक शैली ३/३ (२५/२५) र अनुरोध शेली ४ वटा (३३.३४ प्रतिशत) रहेको छ । यी सबैको शैली परिशिष्टमा हेर्न सकिन्छ ।

## ४.२ सम्पादकीयको आन्तरिक पक्षको अध्ययन

प्रस्तुत अध्ययनमा सम्पादकीयलाई उत्कृष्ट बनाउने काम सम्पादकीयको भाषाले गर्ने गर्दछ र समाचारपत्रको गुणस्तर बढाउन सम्पादकीयले ठूलो भूमिका खेल्ने भएकाले यसको भाषिक अध्ययन महत्वपूर्ण रहेको छ । तसर्थ यसमा सम्पादकीयको आन्तरिक पक्षअन्तर्गत शब्दभण्डार, काल र वाक्य एवम् स्थानीय भाषिकाको अध्ययन गरिएको छ ।

### ४.२.१ काल

क्रियाको समयसँग सम्बन्धित रुपायनिक कोटिलाई काल भनिन्छ ( न्यौपाने र अन्य,२०६७:१०१)। कालको अध्ययन भनेको खास भाषामा समय बुझाउने भाषिक रूपको अध्ययन हो । यसैले काल भाषिक समय हो । यो क्रिया वा धातुबाट अभिव्यक्त हुन्छ । नेपालीमा भूतकाल र अभूत काल गरी दुई कालिक भेद रहेको पाइन्छ । पहिले वा बितिसकेको समयमा काम भएको वा काम हुने बानी परेको र भइसकेको कुरा पछि थाहा भएको बुझाउने क्रियापदको समयलाई भूतकाल भनिन्छ । अहिलेको समयमा काम हुने, हुँदै गरेको , भइसकेर पनि यसको असर बाँकी रहेको र पछि आउने समयमा काम हुने बुझाउने क्रियापदको समयलाई अभूतकाल भनिन्छ । नेपाली भाषामा अभूतकाललाई पनि वर्तमान र भविष्यत काल गरी दुई भागमा बाँडेर चर्चा गरिएको पाइन्छ ।

यहाँ नमुनाका रुपमा लिइएका सिन्धुली सौगात पत्रिकाको १२ वटा सम्पादकीयका कालहरुलाई वर्गीकरण गरी निम्न तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ५

## प्रत्येक महिनाको कालको आधारमा वर्गीकरण

| मिति | अभूत | भूत |
|---|---|---|
| २०७१ फागुन २८ | १४ | |
| २०७१ फागुन २९ | २४ | |
| २०७१ फागुन ३० | २४ | |
| २०७१ चैत्र १ | १९ | |
| २०७१ चैत्र २ | ३२ | १ |
| २०७१ चैत्र ४ | ३५ | १ |
| २०७१ चैत्र ५ | ३१ | ३ |
| २०७१ चैत्र ६ | ३२ | |
| २०७१ चैत्र ७ | २१ | २ |
| २०७१ चैत्र ८ | २५ | १ |
| २०७१ चैत्र ९ | २१ | |
| २०७१ चैत्र १० | १८ | |
| **जम्मा** | **२९६** | **८** |

माथिको तालिकानुसार सिन्धुली सौगात राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा जम्मा ३०४ वटा वाक्यको प्रयोग गरिएको छ । जसमध्ये २९६ वटा अभूतकालका र ८ वटा भूतकालका वाक्य रहेका छन् ।

सैद्धान्तिक आधारमा सम्पादकीयमा भूतकालीन वाक्य भन्दा अभूतकालीन वाक्यको प्रयोग गर्नु राम्रो मानिन्छ । माथिको तालिकालाई विश्लेषण गर्दा ९० प्रतिशत भन्दा बढी अभूतकालको प्रयोग गरेको पाइन्छ । त्यसैगरी फागुन २८ गतेदेखि चैत्र १ सम्म र त्रैत्र ६,९,१० गतेको सम्पादकीयमा भूतकालको एउटा पनि वाक्य पाउन सकिँदैन भने सबैभन्दा बढी भूतकालका वाक्यको प्रयोग २०७१

चैत्र ५को सम्पादकीयमा पाउन सकिन्छ । जसमा ३ वटा भूतकालको वाक्यको प्रयोग पाइन्छ । समग्रमा नमुनाका रुपमा लिइएका सम्पादकीयमा अभूतकालको प्रयोगको स्थिति राम्रो पाइन्छ ।

## तालिका नं. ६

| **काल** | **वाक्य सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| भूतकाल | ८ | २.६४ |
| अभूतकाल | २९६ | ९७.३६ |
| **जम्मा** | **३०४** | **१००** |

नमुनाको रुपमा लिइएका १२ वटा सम्पादकीयको अध्ययनका क्रममा भूतकालीन र अभूतकालीन वाक्यहरुको प्रयोग गरिएको पाइएको छ । जसमा अभूतकालका वाक्यहरुको प्रयोग बढी (९७.३६ प्रतिशत) पाइएको छ भने भूतकालका वाक्यको प्रयोग अत्यन्त कम (२.६४ प्रतिशत) पाइएको छ ।

### अभूतकालका केही उदाहरणहरू

**क)** सहमति पनि नहुने अनि बहुमतीय प्रक्रिया संविधान बनाउने कुरा विपक्षी गठबन्धनले नमान्ने र सहमतिका नाममा सत्ता गठबन्धनले विपक्षीका शर्त स्वीकार नगर्ने अहिलेको अवस्थाबाट राजनीति निकासका निम्ति मिलन बिन्दु भेटिन असम्भव प्रायः नै देखिएको छ (२०७१ चैत्र ८ ) ।

ख) नेपालको स्वास्थ्य परीक्षणमा असफल हुनुले कमिशनको खेलका कारण नेपालको स्वास्थ्य परीक्षणको विश्वसनीयतामाथि नै अविश्वास पैदा भएको छ (२०७१ फागुन २८) ।

ग) दुर्गमदेखि सुगमसम्म स्तरअनुसारको रक्सी चिया पसलदेखि पान पसलसम्म पाइन्छ ( २०७१ चैत्र ४ ) ।

माथि प्रस्तुत वाक्यलाई हेर्दा नबितेको सन्दर्भ जनाउने रुपको प्रयोग भएको देखिन्छ । तसर्थ प्रस्तुत क, ख र ग तीनवटै वाक्यलाई अभूतकालको उदाहरणका रुपमा लिन सकिन्छ ।

### भूतकालका केही नमुनाहरू

क) दर्जनौं यात्रुलाई बोकेर यात्रा गर्ने सवारी साधनको नियमित चेकजाँच नगर्दा चालकसहित अनाहकमा सर्वसाधारणले ज्यान गुमाउनुपर्‍यो ।

ख) कुनैबेला एसएलसीलाई विद्यालय मात्र होइन विद्यार्थी जीवनकै महत्वपूर्ण अध्ययन मानिन्थ्यो

ग) हिजो १५ मार्च अर्थात् विश्व उपभोक्त अधिकार विदव, हाम्रो पैसा हाम्रो अधिकार, वित्तीय सेवामा वास्तविक छनोटक लागि अभियान, भन्ने नाराका साथ नेपाल लगायत विश्वभरमा विभिन्न कार्ईक्रमको आयोजना गरेर मनाइयो ( २०७१ चैत्र चेत्र २ )।

माथि प्रस्तुत क, ख र ग तिनवटै वाक्यले काम भएसकेको उद्धृत गरेका हुनाले उक्त वाक्यहरुलाई भूतकालीजन वाक्यका उदाहरणका रुपमा लिन सकिन्छ ।

## ४.२.२ शब्दभण्डार

कुनैपनि वस्तुको उत्पति भएको ठाउँ वा मुहानालाई स्रोत भनिन्छ । यसरी नै कनैपनि भाषामा रहेका शब्दहरुको भण्डारलाई नै शब्दभण्डार भनिन्छ । शब्दलाई भाषाको लघुत्तम अर्थयुक्त एकाय मानिन्छ । एक वा एकभन्दा बढी वर्णहरुको मेलबाट शब्द निर्माण हुन्छ । शब्दभण्डारलाई विभिन्न आधारमा अध्ययन गर्न सकिन्छ । प्रस्तुत अध्ययनमा शब्दभण्डारलाई स्रोतका आधारमा अध्ययन गरिएको छ ।

### ४.२.२.१ स्रोतका आधारमा शब्दभण्डार

कुनैपनि वस्तुको उत्पति भएको ठाउँ वा मुहानलाई स्रोत भनिन्छ । नेपाली भाषामा प्रयोग भएका शब्दहरु कुन-कुन भाषाबाट आएका छन् भनेर गरिने अध्ययन नै स्रोतका आधारमा गरिने शब्दभण्डारको अध्ययन हो । यस आधारमा नेपाली शब्दहरुलाई तत्सम, तद्भव र आगन्तुक गरी वर्गीकरण गर्न सकिन्छ :

**क) तत्सम शब्द**

संस्कृत भाषाबाट रुप परिवर्तन नभई जस्ताको तस्तै नेपाली भाषामा आएका शब्दलाई तत्सम शब्द भनिन्छ ।

**ख) तद्भव शब्द**

संस्कृत भाषाबाट रुप परिवर्तन भई नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । तद्भव शब्द संस्कृतबाट प्राकृत र अपभ्रंश हुँदै नेपाली भाषामा आइपुग्छ ।

**ग) आगन्तुक शब्द**

संस्कृत भाषाबाहेक नेपालका विभिन्न राष्ट्रभाषा र अन्तर्राष्ट्रिय भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । सूचना र प्रविधिको विकाससँगै नेपाली भाषामा आगन्तुक शब्दको प्रयोग बढ्दो क्रममा छ ।

यहाँ नमुनाका रुपमा लिइएका सिन्धुली सौगात पत्रिकाको १२ वटा सम्पादकीयका शब्दभण्डारलाई निम्न आधारमा वर्गीकरण गरिएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. ७

## प्रत्येक अङ्कको शब्दभण्डारको वर्गीकरण

| अङ्क | तत्सम | तद्भव | आगन्तुक | जम्मा |
|---|---|---|---|---|
| २०७१ फागुन २८ | ३७ | ५ | १५ | ५७ |
| २०७१ फागुन २९ | ४८ | ५ | ९ | ६२ |
| २०७१ फागुन ३० | ४६ | ४ | ७ | ५७ |
| २०७१ चैत्र १ | ३८ | १ | २ | ४१ |
| २०७१ चैत्र २ | ६७ | ११ | १७ | ९५ |
| २०७१ चैत्र ४ | ७४ | ८ | १७ | ९९ |
| २०७१ चैत्र ५ | ७१ | ७ | १४ | ९२ |
| २०७१ चैत्र ६ | ७९ | १४ | १५ | १०८ |
| २०७१ चैत्र ७ | ६४ | १७ | २४ | १०५ |
| २०७१ चैत्र ८ | ८२ | १४ | २२ | ११८ |
| २०७१ चैत्र ९ | ५२ | १० | १६ | ७८ |
| २०७१ चैत्र १० | ७० | १० | २१ | १०१ |
| **जम्मा** | **७२८** | **१०६** | **१७९** | **१०१३** |

माथिको तालिकानुसार 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकामा शब्दभण्डारका दृष्टिले तत्सम, तद्भव र आगन्तुक गरी जम्मा १०१३ शब्द रहेको पाइयो । यी सबै शब्दभण्डारको अवस्थालाई परिशिष्टमा हेर्न सकिन्छ ।

## तालिका नं. ८

## स्रोतका आधारमा शब्दभण्डारको वर्गीकरण

| शब्दस्रोत | शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तत्सम | ७२८ | ७१.८८ |
| तद्भव | १०७ | १०.४५ |
| आगन्तुक | १७९ | १७.६७ |
| **जम्मा** | **१०१३** | **१००** |

माथिको तालिकानुसार **सिन्धुली सौगात** पत्रिकाको १२ वटै सम्पादकीयमा तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरुको प्रयोग भएको देखिन्छ । जसमा सबैभन्दा बढी ७२८ (७१.८८ प्रतिशत), तद्भव शब्द १०७(१०.४५ प्रतिशत) र आगन्तुक शब्द १७९ (१७.६७ प्रतिशत) प्रयोग भएको पाइएको छ । यसरी हेर्दा तत्सम शब्दको प्रयोग अत्याधिक भएको पाइन्छ । सम्पादकीयमा प्रयुक्त तत्सम, तद्भव र आगन्तुक शब्दहरुमध्ये केही शब्दहरुलाई उदाहरणका रुपमा तालिकामा हेर्न सकिन्छ ।

## तालिका नं. ९

## सम्पादकीयमा भएका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सूची

| तत्सम | तत्सम | तद्भव | तद्भव | आगन्तुक | आगन्तुक |
|---|---|---|---|---|---|
| वाध्यता | अवसर | सिर्जना | सुधार | तथ्याङ्क | जोखिम |
| सक्रियता | विकृति | दलदल | सङ्गठन | लापर्वाही | जरुरी |
| वैदेशिक | पारिश्रमिक | फस्नु | पटक | कानुन | पुस्ता |
| आर्थिक | केवल | लुट | थप | फेसन | चुरोट |
| पदार्थ | नियन्त्रण | सडक | फाँसी | सामेल | मुद्धा |
| अविश्वास | सेवन | ज्यान | गाऱ्हो | दायर | रोजगारी |
| अवैध | भविष्य | सकारात्मक | हिजो | खबर | सरकार |
| भयावह | वर्ग | बलिया | नियमन | सजाय | सवाल |
| विद्यार्थी | अनुसन्धान | पसल | बिक्री | नारा | कारबाही |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रहरी | प्रविधि | दुध | जथाभावी | मुलुक | अब्बल |
| अभियान | मृत्यु | मानिस | अलग | शिकार | अरबी |
| समाज | संस्कार | सडक | मन | बयान | रक्सी |
| मानव | विरुद्ध | मासु | भाउ | सवारी | अग्रज |
| राजनीतिक | विवाद | बाटो | लाज | जेल | चिया |
| विश्वास | परिणाम | आर्जन | हार | फितलो | मतियार |
| संरक्षण | राष्ट्रिय | महँगो | जुँगा | नशा | जारी |
| परीक्षा | दृश्यावली | अन्योल | हडताल | मोर्चा | मजबुत |
| मानसिकता | सार्वजनिक | दलदल | खाडल | रकम | तलव |
| अपराध | प्रत्येक | मुहार | पुरानो | गरीब | महिना |
| प्रतिपक्ष | गतिरोध | निकास | लतार्नु | हुँकार | नतिजा |
| सम्भार | परीक्षण | खडा | ज्वरो | एजेण्डा | बेथिति |
| निर्दोष | विद्यमान | घाइते | बिग्रनु | दिमाग | बैठक |
| विडम्बना | विषय | सास्ति | ज्यान | हिसाव | अस्पताल |
| अस्वाभाभिक | स्वदेश | आमा | सह्रानीय | सिफारिस | जिल्ला |

## ४.३.२ वाक्य

कम्तीमा एउटा उद्देश्य र एउटा विधेय भएको सार्थक भाषिक एकाइलाई वाक्य भनिन्छ । यो सबैभन्दा ठूलो व्याकरणिक एकाइ हो । वाक्यलाई उपवाक्य भन्दा ठूलो र अनुच्छेद भन्दा सानो एकाई भनिन्छ । कहिलेकाँही उद्देश्य र विधेयमध्ये एकको अभावमा पनि वाक्य बन्ने अवस्था आउँछ । त्यस्तो अवस्थामा सन्दर्भगत अर्थ लगाउनु पर्ने हुन्छ । संरचना र बनोटका आधारमा नेपाली भाषामा दुई किसिमका वाक्य हुन्छन् : सरल र जटिल ।

### क) सरल वाक्य

एउटा मात्र उद्देश्य र एउटा मात्र विधेय भएको वाक्यलाई सरल वाक्य भनिन्छ । यसमा एउटा मात्र समापिका क्रिया र स्वतन्त्र उपवाक्य हुन्छ ।

**ख) जटिल वाक्य**

एकभन्दा बढी उपवाक्यहरु मिलेर बनेको वाक्यलाई जटिल वाक्य भनिन्छ । यस्ता उपवाक्यहरुलाई सापेक्ष र निरपेक्ष संयोजकले जोडेको हुन्छ ।

सम्पादकीय लेखनमा सकभर सरल र छोटा वाक्यको प्रयोग गर्नु उपयुक्त मानिन्छ । सरल वाक्यको प्रयोगले विचार अभिव्यक्तिलाई सहज रुपमा पाठक सामु पुऱ्याउँछ, जसले पाठकहरुलाई आकर्षित गर्दछ । जटिल वाक्यको प्रयोगले पाठकलाई अलमल पार्न सक्छ । सिन्धुली सौगात पत्रिकाको १२ वटा सम्पादकीयमा भएको भाषाको वाक्यका प्रकारका आाधारमा अध्ययन गरिएको छ, जसलाई तालिकामा  निम्नुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १०**

**प्रत्येक सम्पादकीयमा प्रयुक्त वाक्यको वर्गीकरण**

| मिति | सरल वाक्य | जटिल वाक्य | जम्मा |
|---|---|---|---|
| २०७१ फागुन २८ | ६ | ८ | १४ |
| २०७१ फागुन २९ | १० | १४ | २४ |
| २०७१ फागुन ३० | १४ | १० | २४ |
| २०७१ चैत्र १ | १३ | ६ | १९ |
| २०७१ चैत्र २ | १५ | १८ | ३३ |
| २०७१ चैत्र ४ | २३ | १३ | ३६ |
| २०७१ चैत्र ५ | १८ | १६ | ३४ |
| २०७१ चैत्र ६ | १७ | १५ | ३२ |
| २०७१ चैत्र ७ | १४ | ९ | २३ |
| २०७१ चैत्र ८ | ११ | १५ | २६ |
| २०७१ चैत्र ९ | १० | ११ | २१ |
| २०७१ चैत्र १० | ५ | १३ | १८ |
| **जम्मा** | **१५६** | **१४८** | **३०४** |

माथिको तालिकानुसार **सिन्धुली सौगात** राष्ट्रिय दैनिक पत्रिकाको प्रत्येक सम्पादकीयमा प्रयुक्त वाक्यलाई सरल र जटिल वाक्यमा विभाजन गरी अध्ययन गरिएको छ । सम्पादकीयमा भएको सरल र जटिल वाक्यलाई भने परिशिष्टमा हेर्न सकिन्छ ।

## तालिका नं. ११

## वाक्यको वर्गीकरण

| वाक्यका प्रकार | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल वाक्य | १५६ | ५१.३२ |
| जटिल वाक्य | १४८ | ४८.६८ |
| **जम्मा** | **३०४** | **१००** |

प्रस्तुत तालिकानुसार **सिन्धुली सौगात** पत्रिककाको १२ वटा अङ्कमा जम्मा २०४ वटा वाक्यहरु रहेका छन् । तीमध्ये सरल वाक्य १५६ (५१.३२ प्रतिशत) र जटिल वाक्य १४८ (४८.६८ प्रतिशत) रहेका छन् ।

माथिको तालिकालाई नियाल्दा छनोटमा लिइएको पत्रिकाको सम्पादकीयमा जटिल वाक्य भन्दा वढी सरल वाक्य नै रहेको पाइयो । सम्पादकीयको सैद्धान्तिक अवधारणानुसार जटिल वाक्य भन्दा केही बढी सरल वाक्यकै प्रयोग भेटिएकोले समग्रमा सम्पादकीय उपयुक्त नै रहेको छ ।

**सरल वाक्यका केही उदाहरणहरू**

क) लागूपदार्थको प्रयोगबाट निस्कने परिणाम डरलाग्दो हुन्छ ( फागुन २९) ।

ख) फितलो कानुनी व्यवस्थाले गर्दा बलात्कारीको मनोबल बढेको अधिकारकर्मीहरुको भनाइ छ ( चैत,४) ।

ग) नेपालका पहाडी सडक प्रायः जोखिमपूर्ण छन् ( चैत ७ ) ।

**जटिल वाक्यका उदाहरणहरू**

क) नेपालमा दैनिक जसो दुई महिलामाथि बलात्कार हुँदै आए पनि फितलो कानुन र बलात्कारीलाई उन्मुक्ति दिने प्रवृत्तिले यो एउटा समस्याका रुपमा अङ्कित भएको छ ( फागुन ३० ) ।

ख) एसएलसीलाई त्रासको रुपमा लिने, आतङ्कित हुने र परीक्षा प्रभावित गर्ने गरी अमर्यादित क्रियाकलाप गर्नुभन्दा विद्यार्थी ,अभिभावक, शिक्षक लगायत सबैले परीक्षा अगावै पठनपाठनको गुणस्तरीयता सुधार्न ध्यान दिनुपर्छ (चैत ५ ) ।

ग) नेताहरुबीच आजसम्म सहमति गर्ने भन्दै जे-जति वार्ता र छलफल भए ती सब निरर्थक साबित भएका छन् ( चैत ८ ) ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

प्रस्तुत शोधको उद्देश्य 'सिन्धुली सौगात' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सम्पादकीयको बाह्य पक्ष (शीर्षक, संरचना, विषयवस्तु र शैली) तथा आन्तरिक पक्ष ( शब्दभण्डार, वाक्य, काल र स्थानीय भाषिकका) को आधारमा प्रयुक्त भाषाको अध्ययन गर्नु रहेको थियो । जसअनुसार सिन्धुली सौगात पत्रिकाको २०७१ साल फागुन २८ गतेदेखि २०७१ साल चैत्र १० गतेसम्मको जम्मा १२ वटा सम्पादकीय अध्ययन गरी प्राप्त तथ्याङ्कलाई तालिकामा राखी व्याख्या तथा विश्लेषण गरिएको छ । यस अध्ययनले आमसञ्चार र पत्रकारिता जगत्को पाठ्यक्रम तर्जुमा तथा यससम्बन्धी महत्वपूर्ण सूचना प्रदान गर्न सहयोग गर्दछ ।

सम्पादकीय भनेको समाचचार पत्रले कुनैपनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख हो । सम्पादकीय अखबारको  स्थायी स्तम्भ हो । यसलाई पत्रिकाको नेता पनि भनिन्छ (खनाल,२०६८ : २४० ) । सम्पादकीयलाई पत्रिकाको मुख्य सिद्धान्त पनि भनिन्छ । सम्पादकीय समाचार पत्रमा नियमित रुपमा प्रकाशित हुने गर्दछ । आफ्नो पत्रिकाको भनाइ प्रस्तुत गर्ने ठाउँ सम्पादकीय हो । सम्पादकीयको  भाषा औपाचारिक प्रकृतिको हुन्छ । भनिन्छ, शिक्षित पाठकले सर्वप्रथम पत्रिकाको सम्पादकीय हेर्छन्, सामान्य पाठकले राशिफल । सम्पादकीय कम पढिने तर विद्वान् वर्गका व्यक्तिहरुले मात्र पढ्ने भएकाले यसको भाषामा निर्भिकता, तर्कपूर्ण क्रमिक विकास, तथ्यपूर्ण कारण, स्पष्टता र निष्पक्ष विश्लेषण सम्पादकीयका विशेषता र प्राथमिकता हुन् ।

## ५.१ निष्कर्ष

सिन्धुली सौगात राष्ट्रिय दैनिक पत्रिकाको २०७१ साल फागुन २८ गतेदेखि २०७१ चैत्र १० गतेसम्मको १२ वटा सम्पादकीयको अध्ययनबाट प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदागत रुपमा देखाउन सकिन्छ :

**(क)** सम्पादकीयको शीर्षकका आधारमा अध्ययन गर्दा ३ देखि ५ शब्दसम्मका शीर्षकहरु संरचित भएको पाइन्छ जसमा सबैभन्दा कम तीन शब्दको दुई वटा (१६.६६प्रतिशत) र ४ र ५ शब्दको ५/५ वटा ( ४१.६७/४१.६७ प्रतिशत रहेको पाइन्छ ।

**(ख)** सम्पादकीयको संरचनाको आधारमा अध्ययन गर्दा १ देखि ४ अनुच्छेद सम्मका सम्पादकीयहरु पाइएको छ । जसमा एक अनुच्छेदको १ (८.३३प्रतिशत), दुई अनुच्छेदको

४ वटा (३३.३४ प्रतिशत), तीन अनुच्छेदको ६ वटा (५० प्रतिशत) र चार अनुच्छेदको १ वटा (८.३३ प्रतिशत) रहेको पाइन्छ ।

**(ग)** सम्पादकीयको विषयवस्तुका आधारमा अध्ययन गर्दा विभिन्न ६ क्षेत्रलाई विषयका रुपमा लिइएको पाइन्छ । १२ वटा नमुनामध्ये राजनीतिक र सामाजिक विषयका ३/३ (२५/२५ प्रतिशत), शैक्षिक र चेतनामूलक विषयका २/२ वटा (१६.६७/१६.६७ प्रतिशत), यातायात र स्वास्थ्य विषयका १/१ वटा (८.३३/८.३३ प्रतिशत) रहेको पाइन्छ ।

**(घ)** शैलीका आधारमा अध्ययन गर्दा विभिन्न पाँच शैलीलाई अवलम्बन गरिएको देखिन्छ । जसमा चारवटा अनुरोध शैली ( ३३.३४ प्रतिशत), ३/३ वटा वर्णनात्मक र सुझाव शैली (२५/२५ प्रतिशत ) र १/१ वटा भविष्यवादी र तुलना शैली (८.३३/८.३३ प्रतिशत रहेका छन् ।

**(ङ)** सम्पादकीयको आन्तरिक पक्ष अन्तर्गत कालको अध्ययन गर्दा यस आधारमा सम्पादकीयमा अभूत र भूत दुवै कालको प्रयोग गरिएको देखिन्छ । यसअन्तर्गत अभूतकालीन वाक्य २९६ वटा (९७.३६ प्रतिशत) र भूतकालीन वाक्य ८ वटा (२.६४ प्रतिशत) रहेको पाइन्छ ।

**(च)** शब्द स्रोतका आधारमा सम्पादकीयको अध्ययन गर्दा सम्पादकीयमा सबैभन्दा वढी तत्सम शब्द ७२८ (७१.८८ प्रतिशत), त्यसपछि आगन्तुक शब्द १७९ (१७.६७ प्रतिशत) र सवैभन्दा कम तद्भव शब्द १०७ (१०.४५ प्रतिशत) को प्रयोग पाइन्छ ।

**(छ)** वाक्यका आधारमा सम्पादकीयको अध्ययन गर्दा नमुनाका रुपमा विश्लेषित १२ वटा सम्पादकीयमा सबैभन्दा बढी सरल वाक्य १५६ (५१.३२ प्रतिशत) र त्यसभन्दा कम जटिल वाक्य १४८ अर्थात् ४८.६८ प्रतिशत प्रयोग भएको पाइन्छ । विश्लेषित सम्पादकीयको अध्ययन गर्दा स्थानीय भाषिकाको प्रयोग भने पाइँदैन ।

## ५.२ सुझावहरू

प्रस्तुत शोध अध्ययनबाट निम्नलिखित सुझाव राख्नु उपयुक्त देखिएको छ :

(क) सम्पादकीयका शीर्षकहरु प्राय: लामा लामा रहेकाले यथासम्भव जम्मा तीन शब्दसम्मका शब्दहरुलाई शीर्षकका रुपमा राख्नु उपयुक्त हुन्छ ,

(ख) सम्पादकीयको संरचनालाई तीनदेखि बढीमा चार अनुच्छेदसम्ममा समेट्नु राम्रो हुन्छ ,

(ग) सम्पादकीयमा आर्थिक पक्ष नआएकोले  यस विषयवस्तुलाई पनि समावेश गर्नु उचित हुन्छ,

(घ) तद्भव शब्द पछि तत्सम र त्यसपछि मात्र आगन्तुक शब्दलाई प्रयोग गर्ने क्रममा जहाँसम्म सम्भव हुन्छ, त्यहाँसम्म आगन्तुक शब्दको प्रयोग नगर्नु नै राम्रो हुन्छ ।

## ५.३ उपयोगिता

यो शोध अध्ययनले आगामी दिनमा पत्रपत्रिकासम्बन्धी अध्ययन अनुसन्धान गर्ने जो सुकैका लागि पनि सहयोग गर्ने विश्वास लिइएको छ ।

खासगरी यो **'सम्पादकीयमा प्रयुक्त भाषासम्बन्धी अध्ययन'** सिन्धुली जिल्लाकै पहिलो शोधअध्ययन भएकाले अन्य पत्रिकाको सम्पादकीयसम्बन्धी अध्ययन गर्ने व्यक्तिका लागि सहयोग पुग्ने देखिन्छ । त्यस्तै पत्रकारितासम्बन्धी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा समेत टेवा पुग्ने देखिन्छ । यसको उपयोगितालाई निम्न नीतिगत र प्रयोगगत तहबाट अध्ययन गर्दा यो अझ स्पष्ट हुने देखिन्छ :

### ५.३.१ नीतिगत तह

प्रस्तुत अध्ययनले नीति निर्माणका तहमा निम्नानुसार सहयोग पुग्ने देखिन्छ :

(**क**) पत्रकारितका क्षेत्रमा भाषिक योजना निर्माण गर्न,

(**ख**) पाठ्यक्रम तर्जुमा गर्दा सम्पादकीयलाई विशेष प्राथमिकता दिनुपर्ने,

(ग) सम्पादकीय लेखनमा आवश्यक भाषा शिक्षणको कार्यक्रम तर्जुमा गर्न,

(**घ**) लेखहरु व्यवस्थित गर्न,

(**ङ**) सम्पादकीय लेख्दा कति शब्दसम्मका शीर्षक राख्नुपर्ने हो ? भन्ने स्पष्ट नीति तय गर्न,

(**च**) सम्पादकीयको संरचना तय गर्न,

(**छ**) शब्दप्रयोगमा प्रष्ट पार्न ।

### ५.३.२ प्रयोगगत तह

प्रस्तुत अध्ययनले प्रयोगगत तहमा निम्नानुसार सहयोग गर्ने देखिन्छ :

(क) आम सञ्चार र पत्रकारिता जगत्को पाठ्यक्रम तर्जुमा गर्न तथा यससम्बन्धी महत्वपूर्ण सूचना प्रदान गर्न सहयोग पुऱ्याउँदछ ,

(ख) आमसञ्चार र पत्रकारिताका विषयमा अध्ययनरत विद्यार्थीहरुका लागि व्यावहारिक ज्ञानमा सहयोग पुऱ्याउँदछ,

(ग) कक्षा कोठामा समाचारलाई आधिकारिक पाठ्य सामग्रीका रुपमा प्रयोग गर्ने भाषा शिक्षकहरुका लागि पनि महत्वपूर्ण हुने देखिन्छ,

(घ) समाचारपत्रसँग संलग्न समाचार लेखक, सम्पादक, नीति निर्माताहरुलाई पनि यसले सघाउ पुऱ्याउने देखिन्छ,

(ङ) सम्पादकीयमा प्रयोग भएका भाषाको वारेमा सामान्य पाठकदेखि विज्ञसम्मलाई जानकारी दिन र पत्रकारितासँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि पनि उपयोगी हुने देखिन्छ

## ५.३.४ भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू

१. पत्रपत्रिकामा नेपाली भाषा प्रयोगको अवस्था,

२. भाषा प्रयोगले समाचार सम्प्रेषणमा पार्ने प्रभाव

३. सम्पादकीयमा स्तरीय तथा सम्प्रेषणमुखी नेपाली भाषा प्रयोगको प्रभावकारिता

## सन्दर्भसामग्रीसूची

अधिकारी, निर्ममणि (२०६२), **आमसञ्चार र पत्रकारिता** (पाँचौं सं.), काठमाडौं : प्रशान्ति प्रकाशन ।

अधिकारी, सुभाष चन्द्र र खनाल, श्रीराम (२०६२), **प्रयोगात्मक पत्रकारिता** (दो.सं.), काठमाडौं : विद्यार्थी प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश** (दो.सं.), काखमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीराम (२०६८),**आमसञ्चार र पत्रकारिता,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

गुरागाईं, लक्ष्मीधर (२०६९), **हाम्रो पत्रकारिता,** काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन

चपाई, रुपा (२०७१), **काभ्रे टाइम्स पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिवि नेपाली भाषा शिक्षण विभाग ।

तिमल्सिना, शिवप्रसाद (२०६६), **गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिवि नेपाली भाषा शिक्षण विभाग ।

पोखेल, रविना (२०७१), **पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिवि नेपाली भाषा शिक्षण विभाग ।

बन्धु, चूडामणि (२०६५), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

बराल, कृष्णहरि र एटम,नेत्र (२०६७), **नेपाली व्याकरण, अभिव्यक्ति र अभ्यास** (दो.सं.), काठमाडौं : तलेजु प्रकाशन ।

भट्ट, पार्वती (२०७०),**हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकाको समाचारमा प्रयुक्त भाषाको अध्ययन,** शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर, काठमाडौं ।

भट्टराई, रामप्रसाद (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०७.), **भाषिक अनुसन्धान विधि** (चौ.सं.), काठमाडौं, पिनाकल पब्लिकेसन ।

समाप्त